का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ माघ २०८२
मंगलबार
10 February 2026
Tuesday
नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

वर्ष २४, अंक १९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# चर्चाबाहिर कुलमान

पार्टीलाई संस्थागत बनाउन नसकेको आरोप कुलमान घिसिङले खेप्दै आएका छन् । रास्वपामा किन मिल्न गएको ? किन छुट्टिनुपर्‍यो ? भन्ने प्रश्नको पनि सामना गरिरहेका छन् ।

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, २६ माघ

साढे तीन वर्षअघिको चुनावमा तत्कालीन माओवादी केन्द्रले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', जनार्दन शर्मा र कुलमान घिसिङको तस्बिर राखेको पोस्टरमा नारा दिएको थियो- अध्यारोबाट उज्यालोको यात्रा । त्यतिबेला घिसिङ नेपाल विद्युत् प्राधिकरणका बहालवाला कार्यकारी निर्देशक थिए । चौतर्फी आलोचनापछि माओवादीले तस्बिर हटाए पनि घिसिङलाई काठमाडौंबाट उम्मेदवार बनाउने प्रस्ताव गरेको थियो । हुँदाखाँदाको जागिर छाडेर राजनीतिमा होमिन उनको सर्त थियो- रोजेको क्षेत्रबाट स्वतन्त्र उठ्ने, माओवादीले सघाउने । त्यतिबेला घिसिङ निकै लोकप्रिय मानिन्थे । उनलाई अघि सारेर मत जुटाउने उद्देश्य पूरा नहुने भएपछि माओवादीसँग कुरा मिलेन ।

उनै घिसिङ अहिले उज्यालो नेपाल पार्टी गठन गरेर चुनावी मैदानमा उत्रिएका छन् । तर अहिले उनको लोकप्रियता न २०७९ को जस्तो छ, न त नयाँ दल खोज्दाको ऊर्जा । आफूलाई झन्डै एक दशक अवसर दिएका पूर्वप्रधानमन्त्री प्रचण्डको आमन्त्रण आग्रह अस्वीकार गर्दै उनले हतारहतारमा दल खोले । सुधन गुरुङलगायत जेनजी आन्दोलनका अगुवाहरूको आग्रहमा हतारहतार रास्वपासँग पार्टी एकता गरे । अनि १२ दिनमै त्यो एकता भंग गर्दै आफूमाथि गम्भीर धोका भएको भन्दै चुनावी मैदानमा उत्रिएका छन् । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारका सम्भवतः सबैभन्दा चर्चित मन्त्री घिसिङको चर्चा अहिले सेलाउँदै गएको छ ।

२०७३ भदौ ३० मा प्राधिकरणको कार्यकारी निर्देशक भएपछि लोडसेडिङ घटाएर चर्चामा आएका उनले नौ वर्षसम्म वाहवाही पाए । भलै, लोडसेडिङ अन्त्यको नीति र कार्यक्रम तत्कालीन सरकारकै थियो । तर कुशल व्यवस्थापनको जस उनैले पाए । त्यसैले उनलाई लोकप्रियताको उचाइमा पुर्‍यायो । अन्ततः उनी नयाँ दल खोलेर काठमाडौं-३ बाट प्रतिनिधि सभा सदस्य उम्मेदवार बने ।




सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री थिए । स्वतन्त्र र विषय विज्ञ मन्त्रीका रूपमा सिंहदरबार छिरेका घिसिङले छिट्टै नै राजनीतिक महत्वाकांक्षा देखाए । उनले राजनीतिक दौड जति छिटो गतिमा

पृष्ठ २ मा



## त्यो लोकप्रियता, यो सन्नाटा

२०७३ भदौ ३० मा तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माले घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको जिम्मेवारी दिएसँगै उनी चर्चामा आएका एक सरकारी कर्मचारी हुन् । यसबीचमा उनलाई उज्यालो नेपालका नायक नै भनेर चिन्ने गरे पनि पछिल्लोपटक उनलाई थुप्रै प्रश्नहरूले घेरेको छ । रामेछापको दुर्गममा गाउँमा सामान्य किसान परिवारमा जन्मिएका उनी इलेक्टिकल इन्जिनियर बने ।

बढुवा भएर १०औं तहमा पुगेसँगै उनलाई सरकारले कार्यकारी निर्देशकको जिम्मेवारी दिएको थियो । उनले दैनिक १८ घण्टा लोडसेडिङ हुने अवस्थाबाट मुलुकलाई बाहिर निकाल्न महत्वपूर्ण भूमिका निर्वाह गरेको आमबुझाइ छ । यसबीचमा घिसिङले पहिलो कार्यकाल पूरै र दोस्रो कार्यकाल लगभग पूरै प्राधिकरणमा बिताए पनि जेनजी आन्दोलनअघिको केपी ओली नेतृत्वको सरकारका ऊर्जामन्त्री दीपक खड्काले गत चैतमा बर्खास्त गरेका थिए । पृष्ठ २ मा

**अस्मिता बम/मध्याह्न**
काठमाडौं, २६ माघ

अहिले देशभर चुनावी चटारो छ । उम्मेदवारहरू भोट माग्न घरदैलोमा निस्किएका छन् । उम्मेदवारका एजेन्डा मात्र होइन, अवस्था पनि अलग छन् । युवादेखि लिएर लठ्ठी टेक्ने वृद्धसम्म चुनावी मैदानमा छन् । काठमाडौं-१ मा कार्यकर्ता भेटघाटमा व्यस्त रास्वपा उम्मेदवार रञ्जु दर्शनाको अवस्था अरूको भन्दा अलि भिन्न छ । उनी आठ महिनाकी गर्भवती छिन् । चिकित्सकले प्रसूतिका लागि १८ फागुनको मिति दिएका छन् । त्यसको तीन दिनपछि २१ फागुनमा प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदै छ । 'यो अलि फरक अवस्था हो । अरू उम्मेदवार एक्लाएक्लै छन्, म दुई जना भएर हिँडिरहेको छु,' उनले मध्याह्नसँग भनिन्, 'मतदातासँग भेटघाट, अन्तर्क्रिया र आरामलाई सन्तुलन मिलाएको छु ।'

चुनावी दौडधुपमा उनलाई श्रीमान् किशु कुइँकेलले सघाइरहेका छन् । हिँडेर थाक्दा आराम गराउनेदेखि खानपान, भेटघाट र अन्तर्क्रियाको प्रबन्ध गर्नेलगायतका सबै हेरचाह उनैले गरिरहेका छन् । गर्भवतीजस्तो विशेष अवस्थामा सक्रिय चुनावी अभियान चलाइरहेकी दर्शनालाई समर्थक र शुभचिन्तक मात्र होइन, विपक्षी उम्मेदवार र मतदाताले समेत आराम गर्न सल्लाह दिन्छन् । तर उनी थाकेकी छैनन् । 'आराम गर्नुस् भनेर धेरैको टिप्पणी आइरहेको छ । त्यसमा पनि पुरुष साथीहरू धेरै हुनुहुन्छ । तर यो अवस्था महिलाका लागि वरदान पनि हो,' उनी भन्छिन्, 'गाउँघरमा अघिल्लो दिनसम्म कामै गरेर बच्चा जन्माइरहनुभएको छ । हाम्रै आमाहरूले पनि त्यसरी नै जन्माएको हो । त्यसैले सकिन्छ भन्ने लागेको छ ।'

यस्तो शारीरिक अवस्थामा दर्शना सजिलै चुनावी मैदानमा उत्रिएकी भने होइनन् । नयाँ वैकल्पिक शक्ति निर्माण गर्ने भन्दै उनकै अगुवाइमा विवेकशील साझा र रास्वपाबीच पार्टी एकता गराइन् । रास्वपाले सुरुमा उनलाई समानुपातिक बन्दसूचीमा राखिएको थियो । तर दर्शनाजस्तो जुझारु नेता समानुपातिक सूचीमा राखिएको भन्दै साइबर बुलिङ गरियो । उनले आफू गर्भवती



## चुनावी मैदानमा आठ महिनाकी गर्भवती

> गाउँघरमा अघिल्लो दिनसम्म कामै गरेर बच्चा जन्माइरहनुभएको छ । हाम्रै आमाहरूले पनि त्यसरी नै जन्माएको हो । त्यसैले सकिन्छ भन्ने लागेको छ ।
>
> ■ **रञ्जु दर्शना**
> *उम्मेदवार, काठमाडौं-१*

रहेकाले समानुपातिकमा बसेको प्रस्टीकरण दिइरहिन् । तर आलोचना रोकिएन । त्यहीबेला सभापति रवि लामिछानेले बन्दसूची सच्याउँदा दर्शनाको क्रमसंख्या धेरै तल झारिदिए । त्यसले असन्तुष्ट रहेकी उनी अन्ततः प्रत्यक्ष निर्वाचन लड्ने निर्णयमा पुगिन् ।

समानुपातिक बस्दा बुलिङ गरिरहेका नै अहिले फेरि गर्भवती अवस्थामा चुनाव लड्नुलाई 'राजनीतिक मोह' भनिरहेका छन् । केहीले भने महिला सशक्तीकरण र समान अवसरको बहसलाई अघि बढाएका छन् । उनी भने यसलाई समाज बदल्ने स्वरूपका रूपमा हेरिरहेकी छन् । 'राजनीतिमा महिला, त्यसमा पनि गर्भवती महिला सक्रिय हुन सक्दैनन् भन्ने सोच नै बदल्नुपर्छ,' उनी भन्छिन् ।

सुशासन, जवाफदेही राजनीति, पारदर्शिता, युवा सहभागिता र नागरिक-केन्द्रित

पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारीका समस्या समाधान गर्न कार्यदल गठन

**मध्याह्न संवाददाता**
काठमाडौं, २६ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्न सुझाव सिफारिस कार्यदल गठन गरेको छ ।

मन्त्रालयका सहसचिव तथा प्रवक्ता पिताम्बर घिमिरेको संयोजकत्वमा गठित कार्यदलमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, ट्रेड युनियन प्रतिनिधि, विज्ञ तथा अनुसन्धानकर्ताहरू रहेका छन् ।

एकमहिने कार्यादेश पाएको कार्यदलले मुख्यतः फ्रि भिसा-फ्रि टिकट नीति कार्यान्वयनमा देखिएका नीतिगत तथा व्यावहारिक समस्या, व्यवसायीले माग गरिरहेको प्रवर्धन खर्चलगायतका विषयमा अध्ययन गर्नेछ ।

सरकारले २०७२ जेठ २६ गतेदेखि मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमानसहित सात मुलुकमा रोजगारीका लागि जाने कामदारहरूलाई निःशुल्क भिसा तथा टिकटको व्यवस्था अवलम्बन गरेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले खाडी पृष्ठ २ मा

### विदेश पठाउने भन्दै ठग्ने ६ जना पक्राउ

**काठमाडौं/मस-** प्रहरीले विदेश पठाउने भन्दै ६८ लाख रुपैयाँ ठगी गरेको आरोपमा एक एजुकेसन कन्सल्टेन्सी सञ्चालक पक्राउ गरेको छ ।

प्रहरीले ह्याप्पी एजुकेसन कन्सल्टेन्सीका सञ्चालक बद्री सिलवाललाई पक्राउ गरेको हो ।

विद्यार्थी भिसामा दुई विद्यार्थीलाई पोर्चुगल पठाउने भन्दै २१ लाख ७० हजार जम्मा गर्न लगाइ ठगी गरेको प्रहरीले बताएको छ । प्रहरीले सिलवालले आफूलाई केदारप्रसाद सिलवाल भन्दै अन्य व्यक्तिलाई पनि ठगी गरेको उजुरी परेको बताएको छ । उनले स्पेनमा विद्यार्थी भिसामा पठाउने भन्दै १२ लाख ४० हजार र अन्य चार जनालाई वैदेशिक रोजगारमा सर्बिया पठाउने भन्दै २१ लाख पृष्ठ २ मा

## १३ प्रतिशत बालबालिका विद्यालय बाहिरै

माध्यमिक तहको शिक्षामा अध्ययरत हुनुपर्ने उमेरका १३ दशमलव २ प्रतिशत बालबालिका विद्यालय बाहिरै रहेको तथ्य राष्ट्रिय तथ्यांक कार्यालयको नेपाल बहुसूचक सर्वेक्षणले देखाएको हो ।



**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, २६ माघ

संविधानतः माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्नु नागरिकको मौलिक हक हो । व्यवहारमा भने माध्यमिक तहको शिक्षामा अध्ययरत हुनुपर्ने उमेरका ठुलो संख्याका बालबालिका विद्यालय बाहिरै रहेको पाइएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयको नेपाल बहुसूचक सर्वोक्षणअनुसार माध्यमिक तहको शिक्षामा अध्ययरत हुनुपर्ने उमेरका १३ दशमलव २ प्रतिशत बालबालिका विद्यालय बाहिरै छन् ।

आधारभूत तहमा भने विद्यालय बाहिर रहेका विद्यार्थीको दर केही कम छ । आधारभूत तहअन्तर्गत कक्षा एकदेखि कक्षा पाँचसम्म अध्ययन गर्नुपर्ने उमेरका ४ दशमलव ५ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । कक्षा ६ देखि कक्षा ८ सम्म अध्ययनमा हुनुपर्ने ३ दशमलव ६ प्रतिशत बालबालिका शिक्षाको पहुँचमा छैनन् ।

अर्थात् विद्यालय पुगेर पनि माध्यमिक तहसम्म निरन्तर विद्यालयमा नरहने दर कायमै छ । जसले माध्यमिक तहको शिक्षामा अध्ययरत हुनुपर्ने उमेरका ठुलो संख्याका बालबालिका विद्यालय बाहिरै रहेको देखाएको हो ।

पछिल्लो तथ्यांकले निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन केवल कागजमा सीमित रहेको देखाउँछ । २०७२ सालमा जारी भएको संविधानमा रहेको मौलिक हकको कार्यन्वयनको अवस्थालाई समेत उजागर गरिदिएको छ ।

संविधानको धारा ३१ मा मौलिक हक छ । जहाँ भनिएको छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।'

संविधानको मौलिक हकको कार्यान्वयनका लागि २०७५ सालमै 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन' बनेको थियो । जहाँ ४ वर्षदेखि १३ वर्ष उमेर समूहका बालबालिकालाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था गरिएको छ । शिक्षण संस्थालाई विद्यार्थीलाई भर्नामा इन्कार गर्न हुँदैन भन्ने व्यवस्था ऐनमा छ । ऐनअनुसार यसको कार्यान्वयन पृष्ठ २ मा



# फेक र फ्याक्ट पत्ता लगाउन प्रहरीलाई चुनौती

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २६ माघ

एआईको बढ्दो दुरुपयोग र सामाजिक सञ्जालमा देखिने हेट स्पिच रोक्न नेपाल प्रहरीलाई हम्मेहम्मे परिरहेको छ। डिजिटल म्यानुपुलेसनबाट सिर्जित झुटा सामग्रीले समाजमा नकारात्मक असर पारिरहेकाले यसलाई रोक्न नेपाल प्रहरीलाई अर्को युद्ध लड्नु परेको जस्तै अवस्था छ। अपराध, अनुसन्धान र शान्ति सुरक्षामा सञ्चारमाध्यमको भूमिका विषयमा आयोजना गरेको छलफल कार्यक्रममा प्रहरीका एआइजी, पूर्वआइजी, डिआइजीलगायत अधिकृतले सो विषयमा चिन्ता व्यक्त गरेका थिए।



प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले आजको डिजिटल युगमा सबैभन्दा छिटो सूचना दिने प्रतिस्पर्धा र होडबाजीका कारण गलत सूचना (मिस-इन्फर्मेसन) र नियतवश फैलाइने भ्रामक सूचना (डिस-इन्फर्मेसन) साझा चिन्ताको विषय बनेको उनको भनाइ छ। त्यसलाई नियन्त्रण गर्नको लागि नेपाल प्रहरीले एआई तथा एड्भान्स एनालेटिक सेल गठन गर्न लागेको बताए।

'सूचना प्रविधिको दुरुपयोग गरेर झुटा सामग्री प्रसारण गर्ने कामले बढवा पाएको छ,' उनले भने, 'त्यस्ता गतिविधि निगरानी गर्न र कानुनी उपचारका लागि पनि नेपाल प्रहरीले सो सेल गठन गर्न लागेको हो।'

उनले छिटो सूचना दिने प्रतिस्पर्धा र होडबाजीका कारण मुलुकमा झुटा र गलत समाचारले बढवा पाइरहेकाले त्यसको नियन्त्रण गर्न चुनौति रहेको बताए।

'आजको डिजिटल युगमा सबभन्दा छिटो सूचना दिने प्रतिस्पर्धा र होडबाजीका कारण मिस इन्फरमेशन हुने, इरादा फरक भएर डिसइन्फरमेशन हुने, हेट स्पिज एआईको दुरुपयोग तथा डिजिटल म्यानुपुलेसनबाट सृर्जित झुटा सामग्रीले बढवा पाइरहनु हामी सबैका लागि साझा चिन्ताको विषय हो,' उनले भने, 'कानुन कार्यान्वयन नै कानुनी शासनको आधार हुने हुँदा कटपेष्ट, कपीपेष्ट को यान्त्रिकतामा सृजनशीलताको शुन्यता हुन्छ।'

त्यसका लागि नेपाल प्रहरी र सञ्चारकर्मीले बलियो सहकार्य गरेर अघि बढ्नुपर्ने उनको भनाई थियो।

पुर्व प्रहरी महानिरीक्षक प्रकाश अर्यालले ए आईको मार्फत समाजमा नकारात्मक भ्रम पैदा गर्ने गरेको उनले बताए। 'फेक र फयाक्ट उस्तै-उस्तै हुन्छ,' उनले भने, प्रहरीलाई पछिल्लो समय त्यही पत्ता लगाउन समय बित्छ।' निर्वाचनको समयमा बढी ए आईको दुरुपयोग भईरहेको उनले बताए।

नेपाल सरकार, विज्ञापन बोर्डका अध्यक्ष तथा वरिष्ठ पत्रकार लक्ष्मण हुमागाँईले सामाजिक सञ्जाल नियत र अज्ञानका कारण दुरुपयोग भईरहेको बताए। 'एउटा अज्ञान भएर सामाजिक सञ्जालमा पोस्ट गर्छ, ज्ञान भयो भने सच्याउछ पनि,' उनले भने।

उनले फेसबुकमा पोष्ट गरिसकेपछि फयाक्ट चेक गरेर सेयर गर्न समेत अनुरोध गरे। सञ्चारकर्मी र सुरक्षा निकायबीचको समन्वयले मात्रै प्रविधिजन्य अपराध र भ्रामक सूचनाको चुनौतीलाई चिर्न सकिने उनको भनाइ छ।

## चर्चाबाहिर...

सुरु गरे त्यति छिट्टै सुस्ताएको टिप्पणी गर्न थालिएको छ। आफू प्रत्यक्ष नदेखिएरै उनले उज्यालो पार्टी खोले। आफू अनौपचारिक संरक्षक रहेको पार्टीको उद्घाटनदेखि संगठन विस्तारमा हिँड्दासम्म उनले मन्त्री छाडेनन्। मन्त्री रहेकै बेला उनले रास्वपासँग पार्टी एकता गरे। प्रधानमन्त्री कार्कीले छाड्न नभनेसम्म उनी मन्त्री रहे। कतिसम्म भने मन्त्री छाड्नु अघिल्लो दिनसम्म उनी कुनै दलको सदस्य नरहेको भनिरहेका थिए। अन्ततः सरकार छाड्न बाध्य घिसिङ रास्वपामा समेत रहेनन्। पूर्वसचिव अनुपकुमार उपाध्यायलाई संस्थापक अध्यक्ष बनाएर आफू संरक्षक रहेको पार्टीलाई रास्वपामा विलय गराउने उनको निर्णय १२ दिनमै उल्टिएको थियो।

पुस १४ गते राति रास्वपा र घिसिङ संरक्षक रहेको ऊज्यालो नेपाल पार्टीबीच एकता सहमति भएको थियो। घिसिङ र रास्वपाबीच भएको सातबुँदे सहमतिमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह 'बालेन' साक्षी थिए। कुलमानलाई पहिलो वरीयताको उपसभापति बनाउनेगरी रास्वपा र उज्यालो नेपाल पार्टीबीच सहमति भएको हो। सहमतिमा रास्वपाका तर्फबाट सभापति रवि लामिछाने र कुलमानका तर्फबाट उज्यालो नेपाल पार्टीका अध्यक्ष अनुपकुमार उपाध्यायले हस्ताक्षर गरेका थिए। दुई पक्षबीच भएको सहमतिको चौथो बुँदामा उल्लेख छ 'अब कुलमानसहित तीन उपसभापति रहनेछन्। राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र उपसभापतिमा कुलमान घिसिङ, डिपी अर्याल र स्वर्णिम वाग्ले रहनेछन्।' रास्वपासँगको पार्टी एकतासँगै ऊनेपाका १८ जना समानुपातिक सांसद बन्दसूचीमा पठाएका थिए। तीमध्ये अधिकांश उम्मेदवार रास्वपामै बसे। कुलमानका आफ्नै भान्जा राम लामा रास्वपा समानुपातिक बन्दसूचीमा जनजाति क्लस्टरको १ नम्बरमा छन्। त्यस्तै, १५ जना केन्द्रीय सदस्य रास्वपामा गएका छन् भने १० जना केन्द्रीय सदस्य निष्क्रिय रहेका छन्। ऊनेपालाई ब्रान्ड बनाउने योजनामा रहेका उनी अध्यक्ष बनेसँगै एक्लिँदै गएका छन्।

नेपालको राजनीतिमा देखिएको भूराजनीतिक चलखेल, आफन्तहरूको घेराबन्द तथा अन्तरद्वन्द्व र स्वयं घिसिङको अकर्मण्यताका कारण उज्यालो नेपाल पार्टीलाई नागरिकमाझ पहिचानयोग्य बनाउन नसकेको ऊनेपाका एक केन्द्रीय सदस्यले बताए। 'कुलमानलाई सुरुमा जसले उनलाई भगवान बनाए, पछि उनीहरूले नै धोका दिए,' उनले मध्यान्हसँग भने। ग्राउन्डको राजनीतिक वास्तविकता नबुझी पार्टीलाई कम्पनीजस्तो चलाउन खोजेपछि समस्या आएको उनको दाबी छ। उनले पार्टीलाई संस्थागत बनाउन नसकेको आरोप खेप्दै आएका छन्। ऊनेपाले देशभर १ सय २० निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको छ। तर अधिकांशको अवस्था निकै खराब रहेको पार्टीकै नेताहरू स्विकार्छन्। रास्वपामा किन मिल्न गएको ? किन छुट्टिनुपर्‍यो ? भन्ने जवाफ घिसिङले अहिलेसम्म दिन सकेका छैनन्। तर पार्टी जनतामाझ परिचालित भइसकेकाले नतिजा राम्रै आउने सो पार्टीका प्रवक्ता डा. राजु थापाले बताए। कति सिट जितिन्छ भन्ने अहिले नै आँकलन गरिनसके पनि सबै उम्मेदवार जित्नकै लागि खडा गरिएको उल्लेख गर्दै उनी भन्छन्, 'ऊनेपाले १ सय २० क्षेत्रमा उम्मेदवार बनाएको छ। घोषणापत्र सार्वजनिक भएपछि चुनावी अभियानलाई थप व्यापक बनाउने तयारीमा छौं। विज्ञहरूसँगको सुझाव संकलन भइसकेर लेखनको काम जारी छ।' भ्रष्टाचारविरोधी अभियानका एनजिओकर्मी केदार खड्का नेतृत्वको टिमले घोषणापत्रको काम गरिरहेको छ।

## त्यो लोकप्रियता...

विद्युत् प्राधिकरणबाट निकालिएका घिसिङको समर्थनमा उनको पुनर्वहालीको माग गर्दै प्रदर्शनसमेत भएको थियो। चैतमा बर्खास्त परेका उनी पाँच महिनामै ऊर्जा, जलस्रोत तथा सिँचाइसहित तीन मन्त्रालयको मन्त्री भएर साढे चार महिना काम गरे। आफू मन्त्री हुँदासमेत प्राधिकरणमा राजनीति गर्न छाडेनन्। कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाएपछि घिसिङले देखाएको प्रतिशोधको आलोचना भएको थियो। शाक्य अदालतको आदेशबाट पुनर्वहाली भइसक्दा घिसिङमन्त्री छाडेर चुनावी मैदानमा उत्रिइसकेका छन्। काठमाडौं ३ मा उम्मेदवार रहेका नेता घिसिङसँगको प्रतिस्पर्धामा कांग्रेस, एमाले, रास्वपा र नेकपाका उम्मेदवार छन्।

यो क्षेत्रका नागरिकले हरेक निर्वाचनमा प्रायः फरक दलका उम्मेदवारलाई जिताउने गरेका छन्। कांग्रेस र एमालेले आलोपालो जस्तै गरी जित्दै आएको यस क्षेत्रमा ऊनेपा घिसिङ र रास्वपाबाट राजु पाण्डेको उम्मेदवारीले माहोल तातेको छ। मैदानमा २० भन्दा धेरै उम्मेदवार छन्। कांग्रेस र एमालेले पालैपालो जित्दै आएको यो क्षेत्रबाट २०६४ पछि लगातार दुईपटक कसैले पनि जितेका छैनन्। २०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा कांग्रेसका चक्रबहादुर ठकुरीले एमाले उम्मेदवार रामेश्वर फुयाँललाई पराजित गरेका थिए। २०७० सालमा फुयाँलले ठकुरीलाई पराजित गरे। ठकुरी र फुयाँल दुवै गाविस अध्यक्ष हुँदै प्रतिनिधि सभा सदस्य उम्मेदवार बनेका थिए। ठकुरी जोरपाटी गाविसका पूर्वअध्यक्ष थिए भने फुयाँल आलापोटका।

२०७४ मा एमाले उम्मेदवार कृष्णबहादुर राईले जित हात पारे भने कांग्रेसकी अम्बिका बस्नेत पराजित भइन्। २०७९ सालको निर्वाचनमा फेरि नतिजा कांग्रेसको पक्षमा आएको थियो। यसपटक एमालेका रामेश्वर फुयाँल उम्मेदवार छन् भने कांग्रेसले गोकर्णेश्वर-६ का पूर्ववडाध्यक्ष रमेश अर्याललाई उम्मेदवार बनाएको छ।

नेकपाले निरज लामालाई उम्मेदवार बनाएको छ। त्यस्तै, रास्वपाले भने महानगर पूर्वप्रहरी प्रमुख राजुनाथ पाण्डेलाई प्रतिस्पर्धामा उतारेको छ। रास्वपावाट अलग भएर आफैं उज्यालो नेपाल पार्टी बनाएर राजनीतिमा आएका कुलमान मैदानमा आउँदा उनी बस्ने बौद्ध महांकालका मतदाता तान्ने योजनामा छन्। तर संगठनका हिसाबले उनका चुनौती धेरै छन्। घिसिङको राजनीतिक वैचारिक एजेन्डाबारे समेत मतदाता प्रस्ट छैनन्। सबैभन्दा धेरै रास्वपासँगको मिलन र विछोडको प्रश्नबाट उनी नराम्ररी घेरिएका छन्।

## चुनावी...

नीतिनिर्माणलाई प्रमुख चुनावी एजेन्डामा बनाउँदै आएकी उनी परम्परागत राजनीतिक संस्कारभन्दा फरक ढंगले जनतासँग प्रत्यक्ष संवाद गरिरहेकी छन्। उनका अनुसार, गर्भावस्था महिलाको क्षमता घट्ने अवस्था होइन, बरु जिम्मेवारीप्रतिको चेतनाको अर्को रूप हो। यही सोचका साथ उनी आफ्नो स्वास्थ्यको ख्याल राख्दै, डाक्टरको सल्लाह र परिवारको सहयोगमा चुनावी अभियानमा जुटेको उनी बताउँछिन्।

त्यसो त, दर्शनाका लागि यो पहिलो चुनाव होइन्। यसअघि पनि उनले दुईवटा चुनाव लडिसकेकी छन्। २०७४ को स्थानीय तह निर्वाचनमा विवेकशील पार्टीबाट काठमाडौं महानगरको मेयरमा उठेर २३ हजार ४ सय ३९ मत प्राप्त गरेकी थिइन्। २०७९ को आमचुनावमा भने उनीप्रतिको आकर्षण ह्वात्तै घटेको देखियो। सो निर्वाचनमा दर्शनाले काठमाडौं-५ बाट झन्डै ६ सय मत मात्र प्राप्त गरिन्। यसपटकको निर्वाचनको परिणाम जेसुकै भए पनि उनको यो कदमले राजनीति र समाज दुवै क्षेत्रमा नयाँ प्रश्न र बहस भने जन्माएको छ।

आचारसंहिताका कारण उम्मेदवारहरूले घरदैलो सुरु गरिसकेकी छैनन्। त्यसैले मतदाता भेट, कोणसभा र सडक मुभ चलिरहेको छ। उनको जोड अन्तर्क्रियात्मक भेटमार्फत सबैसँग साक्षात्कार गर्ने रहेको छ। मौन अवधिसम्ममा सबै मतदाताकहाँ पुग्नेगरी योजना बनाइएको दर्शना बताउँछिन्।

## वैदेशिक...

र मलेसियामा वैदेशिक रोजगारीका लागि जाने कामदारको न्यूनतम लागत १ लाख १४ हजार हाराहारीमा रहेको विवरण प्रस्तुत गर्दै फ्रि भिसा फ्रि टिकटको निर्णय पुनरावलोकन गरी प्रवर्धन खर्च तोक्न माग गर्दै आएको छ। मन्त्रालयले यसअघि श्रम विज्ञ डा. गणेश गुरुङको संयोजकत्वमा गठन गरेको समितिले दिएको प्रतिवेदनका सुझावसमेतलाई अध्ययन गरेर सुझाव सिफारिस गर्ने बताइएको छ।

मन्त्रालयले करिब तीन वर्षअघि डा. गुरुङको संयोजकत्वमा डा. केशव बस्याल, मञ्जु गुरुङ, प्रतिमा शर्मा, जुना माथेमा सदस्य रहेको समिति गठन गरेको थियो। उक्त समितिले श्रम आप्रवासनका विभिन्न चरणमा गर्नुपर्ने सुधारका लागि प्रतिवेदन दिएको थियो। सोही प्रतिवेदनका सुझावसमेतका आधारमा राष्ट्रिय आप्रवान नीति २०८२ जारी गरिसकेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले सकेसम्म छिटो वैदेशिक रोजगार नियमावली संशोधनमार्फत फ्रि भिसा फ्रि टिकट निर्णय पुनरावलोकन गर्न सकिने बताउँदै आएका छन्।

## विदेश...

९० हजार ५ सय ठगी गरेको उजुरी परेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक एवं प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए।

त्यस्तै, प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाउने भन्दै लाखौं रकम ठगी गरेको अभियोगमा थप पाँच जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा ललितपुर धापाखेल बस्ने ४३ वर्षीया बिना महर्जन, ४५ वर्षीया बिन्दा महर्जन, बागलुङ काठेखोला गाउँपालिका-२ की ४३ वर्षीया कोपिला शर्मा, धनकुटा नगरपालिका-२ का ३१ वर्षीय सन्तोष राई तथा काभ्रे चौरीदेउराली नगरपालिका-९ की ४८ वर्षीया कुमारी तामाङ छिन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले पक्राउ परेकामध्ये बिना र बिन्दाले अमेरिका पठाइदिने भन्दै दश लाख, कोपिलाले बेलायत पठाइदिने भन्दै १३ लाख, सन्तोषले कम्बोडिया पठाइदिने भन्दै ३ लाख ७० हजार तथा कुमारीले पोर्चुगल पठाइदिने भन्दै १३ लाख ६० हजार लिई सम्पर्कविहीन भएको उजुरीको आधारमा पक्राउ गरिएको बताए। पक्राउ परेमा पाँचै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको पनि प्रहरी उपरीक्षक भट्टले बताए।

## १३ प्रतिशत...

जिम्मेवारी स्थानीय तहको हो। तर केन्द्रीयस्तरमा अनुगमन र मूल्यांकनका लागि ठोस प्रबन्ध गरिएको छैन। संविधानअनुसार शिक्षामा तीन तहको सरकारको अधिकार छुट्याउनेगरी ऐन बनाउने प्रयाससमेत सफल हुन सकेको छैन। विघटित प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक आएर पनि अपेक्षित गतिमा अगाडि बढ्न सकेन। तथापि हरेकजसो राजनीतिक दलले हरेक चुनावमा आफ्ना चुनावी घोषणापत्रमा अनिवार्य तथा निःशुल्क व्यवस्था कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएका छन्।

---

### रारा इको होल्डिङ लिमिटेड
**का.म.न.पा.४ काठमाण्डौं, नेपाल**

**विशेष साधारण सभाको सूचना**

**प्रकाशित मितिः २०८२/१०/२७**

**शेयरधनी महानुभावहरू,**
यस **रारा इको होल्डिङ लिमिटेड**को मिति २०८२ साल माघ २६ गते बसेको संचालक समितिको बैंकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा तपशिलमा उल्लेखित विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि विशेष साधारण सभा हुने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ।

**मितिः २०८२ फाल्गुन १४ गते बिहीबार**
**समयः दिउँसो ११ बजे**
**स्थानः धुम्वाराही, काठमाण्डौ**
**प्रस्तावहरु :**
१) शेयर जफत आवेदनहरु स्विकृत गर्ने सम्बन्धमा।
२) संचालक समिति पूर्णगठन सम्बन्धमा।
३) विविध।

**संचालक समितिको आज्ञाले**


### कुवेतमा रोजगार

कम्पनीः GULF COFFEE COMPANY FOR RESTAURANT MANAGEMENT शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/०९ चलानी नं.: ६०२४५३४५ L.T. No.: 331619 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Team Members | 9 | 0 | स. काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः RAMR GROUP UNITED COMPANY FOR RESTAURANT MANAGEMENT L.L.C. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०९/२५ चलानी नं.: ६०२५०३८९ L.T. No.: 336832 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier / Sales | 0 | 20 | सम्बन्धित काममा दक्ष | 150 | ७१,०५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Commis Pastry | 16 | 0 | | 145 | ६८,६८५ | | | | | | | |
| 3. | Waiters/Waitresses | 15 | 19 | | 130 | ६१,५७९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ७, ८ र ९ गते (19, 20 & 21 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२७**

**एक्स्प्लोर भ्याकेशन ट्राभल्स प्रा. लि.** को मिति २०८२/१०/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रोयल लक्जरी ट्राभल्स प्रा. लि. (दर्ता नं. १८४६९०)** कायम गर्ने गरी मिति २०८२/१०/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/१०/२७ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको खयर लगायत जातको गोलिया थान ११६५ को १८४२.१६ घ.फि. काठ र सिसौ लगायत जातको ४.७५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**कोठियाघाट सा.व.उ.स., मधुवन-२, बर्दिया**

### भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र सम्बन्धी कागजात संशोधन गरिएको सूचना**

**प्रकाशित मिति- २०८२/१०/२७**

यस कार्यालयबाट मिति २०८२।०९।२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकासित ठेक्का नं. **17/CSB/NCB/2082/083/BHM, Construction of School Building of Maheshwor Secondary School Bheemdatt-10, Sukashal Kanchanpur** को बोलपत्र सम्बन्धी कागजात संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागी प्रकाशित गरिएको छ।

थप जानकारीका लागि भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महेन्द्रनगर, कञ्चनपुर (फोन नं. ०९९–५२१३२२, ५२११६७) मा सम्पर्क गर्नहुन वा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट *http://bolpatra.gov.np/egp* मा संशोधित Bid Document हेर्नहुन जानकारी गराइन्छ।


### साउदिमा रोजगार

कम्पनी : AHMED RASHEED BEN AHMED BAKHSHWAIN LOGISTICS SERVICES शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८२/१०/२६ चलानी नं.: ६०२५२१८१ LT. No.: 338695

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Truck Drivers (C.B.D.) | 2 | 0 | स. काममा दक्ष | 1600 | ६१,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**HELP OVERSEAS PVT.LTD.**
श्रम इजाजत नं. ४६४/०६०/०६१
Ringroad Nayabato Chowk, Lalitpur, Nepal | Tel phone no: 015403456
Email id:- helpovrseascv@gmail.com


### पूर्वीचौकी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**सानगाउँ, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने तथा आशय सम्बन्धित सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१०/२६**

यस कार्यालयबाट मिति २०८२/०९/०८ गते प्रकाशित सूचना अनुसार रितपूर्व पेश हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव कार्यालयको मूल्याङ्कन समितिबाट प्रचलित कानुन अनुसार मूल्याङ्कन हुँदा तपशिलमा उल्लेखित बोलपत्रदाताहरूले पेश गर्नुभएको बोलपत्रहरू छनोट भएकाले सम्बधित सबैको जानकारी तथा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित ) को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोलि मुल्याङ्कन गर्ने प्रयोजनार्थ बोलपत्रदाताहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ | साथै सार्बजनिक खरिद नियमावली २०६४ को नियम (२७) को उपनिय (२) बमोजिमको प्रयोजनर्थ उक्त बोलपत्रसँग संबन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

**तपशिल :**

| क्र.स | कामको बिबरण/ठेक्का न | बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान समय र मिति | उतीर्ण/अनुउतीर्ण | कारण |
|---|---|---|---|---|---|
| १. | Upgrading of Sukalimati-Jaumala-Gajada-Bagada-Pokhari-Timurdaha Road Project PRM/DOTI/R/NCB-01/082/083 | naya yug nirman sewa pvt.ltdnaya yug nirman sewa pvt.ltd Jorpati 03 Kathmandu | पूर्वीचौकी गाउँपालिकाको कार्यालय सानागाउ-०४ डोटी मिति:२०८२/११/०४ दिउँसो २ बजे | उतीर्ण | सबै Requirement पुरा गरेको |
| २. | | Jay Laxmi-Padmadevi Joint Venture Amargadhi 08 Dadeldhura | | उतीर्ण | सबै Requirement पुरा गरेको |
| ३. | | New Kalika-SLECC J.V Bitthadchir Rural Municipality Ward No.4 Deulekh Bajhang | | उतीर्ण | सबै Requirement पुरा गरेको |
| ४. | | Bhatta Shiv Nirman Sewa Kailali | | उतीर्ण | सबै Requirement पुरा गरेको |
| ५. | | Bhim-Glorious J/V Kapilvastu,Nepal Kapilbastu Nepa | | उतीर्ण | सबै Requirement पुरा गरेको |

| ठेक्का न. | बिबरण | छनोट भएका बोलपत्रदाता | कबोल अंक रु. (पी.यस. तथा मु.अ.का सहित ) |
|---|---|---|---|
| PRM/DOTI/B/NCB-02/082/083 | Construction of Mahalaxmi Basic School Building Deulegada Wada No.5 | R.D Construction Dipyal Doti | 1831481.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

### श्री रत्न इन्टरनेशनल प्रा. लि. र ऐ.का सञ्चालक श्री किर्ति थापालाई बक्यौता चुक्ता गर्न आउने सम्बन्धमा ७ दिने अत्यन्त जरुरी सूचना

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/ २७ गते*

यस बेसक्याम्प हेलिकप्टर प्रा.लि.(साविकको मनाङ्ग एयर प्रा.लि.) र रत्न इन्टरनेशनल प्रा.लि. विच भएको व्यवसायीक कारोवार वापत यस कम्पनीलाई बुझाउनु पर्ने बक्यौता रकम बुझाउनका लागि मौखिक रुपमा अनुरोध तथा पटक पटक पत्राचार गर्दा समेत कम्पनीलाई वुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले कम्पनीलाई व्यवसायीक कारोवार वापत बुझाउनु पर्ने सम्पूर्ण रकम भुक्तानी गर्नु होला भनी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित समयभित्र कम्पनीलाई बुझाउनु पर्ने बक्यौता नबुझाई यो सूचनालाई अटेर गरी बसेमा कानूनी कारवाहिका लागि प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ।

**बेसक्याम्प हेलिकप्टर प्रा. लि.**
(साविकको मनाङ्ग एयर प्रा.लि.)

# कांग्रेस अहिले 'चट्टानी एकता'मा बाँधिएको छ : उम्मेदवार घिमिरे

**कुमार श्रेष्ठ/मध्यान्ह**
रामेछाप, २६ माघ



नेपालको लोकतान्त्रिक आन्दोलनमा ऐतिहासिक विरासत बोकेको जिल्ला रामेछाप फेरि एक पटक राजनीतिक सरगर्मीको केन्द्र बनेको छ । निर्वाचनको औपचारिक घोषणा हुनुअघि नै गाउँ-बस्तीमा राजनीतिक चहलपहल बढिरहेका बेला नेपाली कांग्रेसका केन्द्रीय सदस्य मथुराप्रसाद घिमिरेको रामेछाप आगमनले जिल्लाको राजनीतिक माहोललाई थप तताएको छ । सोमबार सदरमुकाम मन्थलीमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता घिमिरेले नेपाली कांग्रेस रामेछाप अहिले'चट्टानी एकता' मा बाँधिएको दाबी गरे । पार्टीभित्रको आन्तरिक लोकतन्त्रका कारण देखिने मतभेदलाई कमजोरीको रूपमा व्याख्या गरिँदै आएको सन्दर्भमा उनले भने, 'हिजोका दिनमा केही मतभेदहरू थिए होलान्, तर आज कांग्रेस एउटै लक्ष्यका साथ मैदानमा उत्रिएको छ ।'

केन्द्रीय प्रतिनिधिका रूपमा जिल्लाका विभिन्न तह र तप्काका कार्यकर्तासँग छलफलपछि आफू ढुक्क भएको उल्लेख गर्दै घिमिरेले भने, 'अहिले कार्यकर्तामा कुनै अन्योल छैन, 'सबैको नेपाली कांग्रेसलाई पहिलो शक्ति बनाउने उद्देश्य छ ।' पार्टीभित्र देखिएको यो एकताले विपक्षीहरूलाई मनोवैज्ञानिक रूपमा कमजोर बनाउने उनको दाबी थियो ।

नेपाली कांग्रेससँग सात दशकभन्दा लामो राजनीतिक इतिहास र निर्वाचन व्यवस्थापनको गहिरो अनुभव रहेको उल्लेख गर्दै घिमिरेले यसै अनुभवलाई कांग्रेसको मुख्य शक्ति बताए । 'हामीले पञ्चायत ढाल्यौं, राजतन्त्र अन्त्य गर्यौं र संविधान दियौं । निर्वाचन कसरी लड्ने र जनताको मन कसरी जित्ने भन्ने कला कांग्रेससँग जति अरू कसैसँग छैन,'उनले आत्मविश्वासका साथ भने ।

उनका अनुसार यसपटक कांग्रेस भावनामा होइन, तथ्य, तथ्यांक र रणनीतिका आधारमा निर्वाचनमा जाने तयारीमा छ। प्रत्येक बुथदेखि पालिकासम्म संगठनलाई चुस्त बनाइएको र स्पष्ट निर्वाचन रणनीति तयार गरिएको उनले बताए । 'हाम्रो एजेन्डा विकास र निष्ठाको राजनीति स्पष्ट छ,'घिमिरेले भने ।

रामेछापमा कांग्रेसका उम्मेदवार रामचन्द्र खड्काको चर्चा गर्दै घिमिरेले उनलाई 'स्वच्छ राजनीतिको मानक'को रूपमा प्रस्तुत गरे । 'आजको राजनीतिमा धेरै नेतामाथि कुनै न कुनै बेला आरोप लाग्ने गरेको देखिन्छ । तर रामचन्द्र खड्का त्यस्ता नेता हुन्, जसको जीवन खुला किताब जस्तै छ,'उनले भने ।

'जसको छवि स्वच्छ छ, जसले जनताको पसिनाको मूल्य बुझेको छ र जसको हातमा विकासको खाका छ, त्यस्तो व्यक्तिलाई मतदान नगर्नुपर्ने कुनै कारण छ र?'उनले प्रश्न गरे । देशको समग्र राजनीतिक अवस्थाबारे पनि टिप्पणी गर्दै घिमिरेले नेपाली कांग्रेस मुलुकको 'मियो' भएको दाबी गरे । 'कांग्रेस कमजोर हुँदा देश अस्थिरतातर्फ जान्छ भन्ने कुरा जनताले बुझिसकेका छन्,'उनले भने। आगामी निर्वाचनपछि कांग्रेसले कसैको बैसाखी नटेकी बहुमत ल्याउने र मुलुकलाई समृद्धिको बाटोमा लैजाने दाबीसमेत उनले गरे ।

उनले पत्रकारहरूमार्फत कांग्रेसका कार्यकर्तालाई ठूला भाषण र जुलुसभन्दा जनताको घरदैलोमा पुगेर समस्या सुन्न आग्रह गरे । रामेछापका जनता चेतनशील रहेकाले यसपटक इमानदार र भरोसायोग्य नेतृत्वलाई नै छान्नेमा आफू पूर्ण विश्वस्त रहेको घिमिरेले बताए ।

# वीरगन्जको कपडा गोदाममा छापा हान्दा झडप, तीन सशस्त्र प्रहरी घाइते

**वीरगञ्ज/मस-**





वीरगञ्ज महानगरपालिका-१० आदर्शनगरस्थित एक गोदाममा सशस्त्र प्रहरी बल नेपाल र वीरगञ्ज भन्सार कार्यालयको संयुक्त टोलीले छापा मार्दा व्यापारी/तस्कर समूहसँग झडप भएको छ । झडपका क्रममा तीन जना सशस्त्र प्रहरी घाइते भएका छन् ।

सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाका अनुसार सोमबार विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण पर्सा, सीमा सुरक्षा गुल्म वीरगञ्ज तथा वीरगञ्ज भन्सार कार्यालयको संयुक्त टोली आदर्शनगरस्थित मदन प्रसाद गुप्ताको घरमा अवैध रूपमा गोदाम गरेर राखिएको कपडा बरामद गर्न पुगेको थियो ।

टोलीले गोदाममा खानतलासी सुरु गरेपछि त्यहाँ रहेका व्यापारी तथा तस्कर समूहले कडा विरोध जनाउँदै आक्रमणमा उत्रिएको सशस्त्र प्रहरीले जनाएको छ । आक्रोशित समूहले ढुंगामुढा गरेपछि अवस्था तनावग्रस्त बन्दै झडपको रूप लिएको थियो । ढुंगा प्रहारका कारण सशस्त्र प्रहरी बलको एउटा वानटेन र एउटा गाडीमा क्षति पुगेको छ भने तीन जना सशस्त्र प्रहरी कर्मचारी सामान्य घाइते भएका छन् । घाइतेहरूको अवस्था खतरामुक्त रहेको जनाइएको छ ।

छापामारीका क्रममा गोदामबाट साडी, कुर्ता-सुरुवाल लगायतका कपडाका सामग्री बरामद गरिएको छ । बरामद सामानको मूल्य ७ लाख रुपैयाँभन्दा बढी रहेको प्रारम्भिक अनुमान गरिएको छ ।


## राहदानी हराएको सूचना

मिति २०८०।०७।०४ गते काठमाडौं को बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नामः YADAB PRASAD GIRI
पूरानो राहदानी नं.: 08484382
ठेगानाः AAPGACHHI, HALDIBARI 3, JHAPA
सम्पर्कः 9813415477

## राहदानी हराएको सूचना

मिति २०७७।१२।२३ गते काठमाडौं को बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नामः CHHATRA BAHADUR ADHIKARI
पूरानो राहदानी नं.: 08535623
ठेगानाः KANAKAI, 04 KANAKAI, JHAPA
सम्पर्कः 9708172233

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२७**

**एमेडियस नेपालको** मिति २०८२/०८/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बर्ड नेपाल (दर्ता नं.: ३२२१५)** कायम गर्ने गरी मिति २०८२/०९/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## श्री हिमालयन रेस्क्यु सर्भिसेज प्रा.लि. र ऐ.का सञ्चालक श्री दामोदर ढकाललाई बक्यौता चुक्ता गर्न आउने सम्बन्धमा ७ दिने अत्यन्त जरुरी सूचना

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/ २७ गते*

यस बेसक्याम्प हेलिकप्टर प्रा.लि.(साविकको मनाङ्ग एयर प्रा.लि.) र हिमालयन रेस्क्यु सर्भिसेज प्रा.लि. वीच भएको व्यवसायीक कारोवार वापत यस कम्पनीलाई बुझाउनु पर्ने बक्यौता रकम बुझाउनका लागि मौखिक रुपमा अनुरोध तथा पटक पटक पत्राचार गर्दा समेत कम्पनीलाई बुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ दिन भित्र आफूले कम्पनीलाई व्यवसायीक कारोवार वापत बुझाउनु पर्ने सम्पूर्ण रकम भुक्तानी गर्नु होला भनी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र कम्पनीलाई बुझाउनु पर्ने बक्यौता नबुझाई यो सूचनालाई अटेर गरी बसेमा कानूनी कारवाहिका लागि प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

**बेसक्याम्प हेलिकप्टर प्रा. लि.**
(साविकको मनाङ्ग एयर प्रा.लि.)

## बारपाक सुलिकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित सूचना मिति : २०८२/१०/२७**

यस कार्यालयबाट मिति २०८२।०९।१८ गतेको E-Bidding/E-gp मार्फत तथा हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित वोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका वोलपत्रहरु मध्ये तपशिलका उल्लेखित वोलपत्रदाताहरुले पेश गरेको वोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्राभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ (चौंथौं संशोधन सहित) दफा २७ (२) र ४७ प्रयोजनार्थ वोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अकं (मू.अ.कर तथा पि.एस.बाहेक) |
|---|---|---|---|---|
| 1. | BSRM/GO/BUILDING/ NCB/WORKS/082/083-09 | Construction Works of Pandrung Healthpost Building | Nupur Construction & Suppliers Pvt. Ld, Barpak Sulikot-06 Gorkha. | 96,27,532.83 |
| 2. | BSRM/GO/CULVERT/ NCB/WORKS/082/083-10 | Construction Workf of Barpak Polytechnical school's road & Culvert | Stull Construction Pvt. Ltd., Barpak Sulikot-07, Gorkha | 35,74,683.10 |
| 3. | BSRM/GO/MEDICINE/SQ/ GOODSS/082/083-11 | Procurement & Supply of Medicine & Surgical Materials. | Devdatta Medico Pharama, Kathmandu | 17,77,634.20 |

## Government of Sudurpaschim Province
## Ministry of Land Management, Agriculture and Cooperatives
## Directorate of Livestock and Fisheries Development
## Veterinary Hospital and Livestock Training Expert Center
Chainpur, Bajhang

### INVITATION FOR BIDS

**Date of Publication: 10th Feb 2026 (2082/10/27 B.S.)**
**Last Date of Submission: 12:00 PM; 12th Mar 2026 (2082/11/28)**

1. **Veterinary Hospital and Livestock Training Expert Center, Chainpur Bajhang** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S N | Contract Identification Number | Description of Work | Total Project Cost including VAT & PS (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | VHLSEC/BJH/NCB/ WORKS/2082/083-01 | Construction of G.F of Office Building for Veterinary Hospital and Livestock Service Expert Center, Chainpur Bajhang | 1,94,20,211.87 | 5,00,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **Veterinary Hospital and Livestock Training Expert Center, Chainpur Bajhang**. Email: bajhangvhlsec@gmail.com, Phone no. 092421050/9858488052 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

## युएईमा रोजगार

कम्पनी : LSF CONTRACTING - SOLE PROPRIETORSHIP L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०२ — चलानी नं.: ६०२४४९९५ — LT. No.: 331219 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1100 | ४३,३५१ | | | | | | | |
| 3. | Painter | 4 | 0 | | 1500 | ५९,११५ | | | | | | | |
| 4. | Electrician | 2 | 0 | | 1500 | ५९,११५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"A friend at your service"
**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## साउदीमा रोजगार

कम्पनीः ABDUL MOHSEN AL-RUSAIS & SONS GROUP COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५९०२ — LT. No.:332161 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Itahari Contact No: 9852049211

## कतारमा रोजगार

कम्पनी : SEASONS HOSPITALITY AND CLEANING COMPANY — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०७/१४ — चलानी नं.: ६०२४६६९९ — LT. No.:332928 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५५,५९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dry Clean Worker | 12 | 0 | | 1100 | ४३,६८१ | | | | | | | |
| 3. | Foreman (Male) | 1 | 0 | | 2500 | ९९,२७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

## मलेसियामा रोजगार

कम्पनी :FUKUYAMA TRANSPORTING SDN,BHD. — शहर :MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१०/२५ — चलानी नं.: ६०२५२१२७ — LT. No.: 338623

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 10 | 0 | स. काममा दक्ष | 1700 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :KONG LONG HUAT CHEMICALS SDN.BHD . — शहर :MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१०/२५ — चलानी नं.: ६०२५२१२६ — LT. No.: 338622

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Operator | 6 | 0 | स. काममा दक्ष | 1700 | ६२,३३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.**
Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

## ओमनमा रोजगार

कम्पनी : BEAUTY CLOUD — शहरः OMAN,SUR
पूर्व स्वीकृत मितिः २०८२/१०/२२ — चलानी नं.: ६०२५१८६२ — LT. No.: 338332

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WOMEN HAIRDRESSER | 0 | 1 | स. काममा दक्ष | 170 | ६३,९२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ५ गते (17 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NEPAL MANPOWER PVT. LTD.**
Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9741662083 / 9741662084 / 9768994695 / 9841553820 / 9851167990
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np

## सम्पादकीय

# भ्रामक सूचनाबाट जोगिऔं

अहिलेको डिजिटल युगमा सूचना छिटो फैलिन्छ। सामाजिक सञ्जाल, एआई र डिजिटल प्रविधिको प्रयोगले खबरलाई एक क्लिकमा लाखौं मानिससम्म पुऱ्याइदिन्छ। यसबाट सहजै सूचना पाउने र छिटो प्रतिक्रिया दिने सुविधा मिलेको छ। सँगै, गलत समाचार, झुटा भिडियो, घृणास्पद अभिव्यक्ति र डिजिटल दुरूपयोगले समाजमा गम्भीर समस्या उत्पन्न गर्न थालेको छ। साइबर अपराध नियन्त्रणमा सक्रिय नेपाल प्रहरीले समेत यो समस्या जटिल बन्दै गएको स्वीकारेको छ। तर प्रहरी मात्रले सबै नियन्त्रण गर्न सक्छ भन्ने होइन। यसमा सत्य र भ्रम छुट्याउने नागरिकको सक्रिय भूमिका आवश्यक देखिन्छ। नागरिकले सूचना लिँदा सधैं स्रोत र प्रमाण जाँच्नुपर्छ। सामाजिक सञ्जालमा हेरेको भिडियो, फोटो वा समाचारको सत्यता पक्का नभएसम्म जथाभावी सेयर गर्नुहुँदैन। केही समयका रोकिएर बुझ्ने र स्रोत खोज्ने बानीले भ्रमपूर्ण एवं झुटो सूचना फैलिन रोकिन सक्छ।

कुनै अपराध वा घटनाको हल्ला फैलिएमा नागरिकले प्रहरी वा आधिकारिक एवं विश्वसनीय सञ्चारमाध्यमलाई मात्र विश्वास गर्नुपर्छ। नेपाल प्रहरीले एआई तथा एडभान्स एनालेटिक सेल बनाएर झुटा समाचार र डिजिटल दुरूपयोग पत्ता लगाउन सुरू गरेको छ। अपराध अनुसन्धान, राष्ट्रिय सुरक्षा र सामाजिक सद्भाव बिगार्ने झुटा एवं भ्रामक सूचनाले प्रत्यक्ष असर पार्दछन्। नागरिकले जिम्मेवारी बहन गर्नासाथ अहिले देखिएका दुष्प्रचार आधा समाधान हुनेछन्।

झुटा सूचना प्रसार रोक्ने अर्को उपाय शिक्षा र जनचेतना नै हो। विद्यालय, समाज र सञ्चार माध्यमले डिजिटल प्रविधि, सूचना सुरक्षा र एआईको दुरूपयोगबारे जनचेतना अभिवृद्धि गर्न जरूरी छ। नागरिक आफैं सचेत भए मात्र समाजमा भ्रम र झुट समाचार फैलिन रोकिनेछ। त्यसैले हरेक नागरिकले यसबारे कानुनको जानकारी राख्नु जरूरी छ। डिजिटल दुरूपयोग, झुटा समाचार र हेट स्पिच कानुनी रूपमा अपराध हुन्। कानुनको अज्ञानता क्षम्य हुँदैन। त्यसैले जानी नजानी हुने झुटा र भ्रामक सूचनाको प्रसार दण्डनीय हुन आउँछन्। त्यसैले अहिलेको चुनौती प्रहरी र सञ्चार माध्यमको मात्र नभई आमनागरिककै हो। छिटो सूचना पाउने वा आफ्नो पक्षविपक्षका सूचना फैलाउने प्रतिस्पर्धामा सत्यता नबुझेरै सेयर गर्नुले अपराध अनुसन्धान, न्याय र सामाजिक सद्भाव खलबल्याउन सक्छ। त्यसले समाजमा निराशा बढाउँछ। डिजिटल युगमा सजग र जिम्मेवार नागरिकले मात्र त्यो भ्रम र झुट चिर्न सक्छन्। त्यसैले नागरिक सचेतनाको खाँचो देखिन्छ।

# आन्दोलन, युवा र विदेशी हस्तक्षेप

*नेपालमा उत्पन्न विकृति, विसंगति र दुष्परिणामका लागि कुनै एक पक्ष मात्र जिम्मेवार छैन। सबै पक्ष आ-आफ्नो हदसम्म जिम्मेवार छन्।*

अग्रलेख



● डा. कृष्ण बेलबासे

२०८२ भदौ २३/२४ को जेनजी आन्दोलनले ल्याएको परिवर्तनका नाममा आज देशभित्र जुन किसिमको परिस्थिति सिर्जना भएको छ, त्यसलाई हेर्दा उक्त आन्दोलन नेपाली युवाहरूको स्वतन्त्र योजना र प्रयासभन्दा पनि नेपालको अस्तित्वलाई नै चुनौतीपूर्ण अवस्थामा पुऱ्याउने विदेशी प्रयासको उपज थियो भन्ने तथ्य पाँच महिनापछि देशभित्र देखापरेका अवस्थाहरूले प्रष्ट पार्दछन्। देशको अवस्थाबारे कुरा गर्दा अहिले सिर्जित अव्यवस्था, अराजकता, नाङ्गो विदेशी हस्तक्षेप र जनतामा देखापरेको आक्रोश, भ्रम र निरुत्साह मात्र उल्लेख गर्नु पर्याप्त हुँदैन। यस अवस्थाको जरा त विगत ३५ वर्षदेखि हुँदै आएका आपराधिक र अनैतिक क्रियाकलापहरूमा गाडिएको छ। लोकतन्त्र, जनतन्त्र र उदारवादको नाममा खेलिएका छद्म राजनीतिक खेलहरूले यसको आधार तयार पारेका हुन्। हालको आन्दोलनले त त्यसको परिणाम मात्र उजागर गरेको हो।



त्यसैले जेनजी आन्दोलनको नाममा देखिएका गलत परिणामहरूको सम्पूर्ण जिम्मेवारी नेपाली युवामाथि मात्र थोपर्न मिल्दैन। उनीहरूले भोग्नुपरेको क्षति र दोषप्रति तिनका अग्रज पुस्ताले नै जिम्मेवारी लिनुपर्दछ। यसो भन्नुको तात्पर्य जेनजी आन्दोलन वा त्यसले जन्माएका परिणामहरू जायज हुन् भन्ने होइन। त्यसमा विदेशी तत्व र पात्रहरूको भूमिका रहेको यथार्थलाई अस्वीकार वा जायज ठहऱ्याउन सकिँदैन। आन्दोलनपछिका परिणामहरूलाई हेर्दा यो कुरा स्पष्ट देखिन्छ।

ती परिणामहरूमा अवैधानिक सरकारको गठन, सरकार मात्र होइन कार्यपालिका र मातहतका निकायहरूको समेत आफ्नो दायित्व निर्वाह गर्न नसक्ने अवस्था, राजनीतिको नाममा अपराधीकरणलाई प्रोत्साहन दिने नाङ्गा खेलहरू, देश तथा राष्ट्रको सुरक्षामा उत्पन्न खुला र थप चुनौतीहरू र जनताको सोच तथा व्यवहारमा थोपरिँदै गएका विकृतिहरू प्रत्यक्ष रूपमा देखापरेका छन्।

यहाँ प्रश्न उठ्छ- यी कुराहरूको प्रमाण के हो, यसको जिम्मेवार को हो र समाधान के हुन सक्छ? प्रमाणका कुरा गर्दा पहिलो आधार देशको संविधान नै हो। संविधानमा व्यवस्था गरिएको सरकार गठन प्रक्रिया, सरकार र मातहत निकायहरूको कार्यप्रणाली, राजनीतिक दलको गठन, दर्ता र सञ्चालन, राष्ट्रको सुरक्षा तथा राष्ट्रहितसम्बन्धी प्रावधान र सार्वभौमसत्ता नेपाली जनतालाई सुम्पिएको सन्दर्भमा नागरिकका कर्तव्य र दायित्वहरू व्यवहारमा कत्तिको पालना भएको छ भन्ने प्रश्न गम्भीर छ। के तीमध्ये कुनै एक कुराको इमानदार पालना भएको छ? अधिकांश व्यवस्था देखावटी बनेका छन्, व्यवहारमा उपेक्षित छन्।

दोस्रो, नेपालमा धेरैले विदेशी मुलुकको प्रशंसा गर्दा त्यहाँ नियम, कानून, संस्कृति र नैतिक मान्यताको पालना भएको उदाहरण दिन्छन्। तर तिनै विदेशी शक्तिको उक्साहटमा लागेर आफ्नै देशमा ती मूल्यहरूको अवज्ञा गर्नलाई योग्यता, दक्षता र क्रान्तिकारीता ठान्छन्। तेस्रो, आधुनिकताको नाममा नेपालमा सधैँ विकृति, विसंगति र द्वन्द्वलाई प्रश्रय दिइयो। आदर्श र व्यवहारबीच कहिल्यै एकरूपता देखिएन।

अब जिम्मेवारी कसको त? नेपालमा उत्पन्न विकृति, विसंगति र दुष्परिणामका लागि कुनै एक पक्ष मात्र जिम्मेवार छैन। सबै पक्ष आ-आफ्नो हदसम्म जिम्मेवार छन्। राजनीतिक दल र तिनका नेता-कार्यकर्ता, विभिन्न क्षेत्रका तथाकथित सक्रियतावादी र तिनको व्यवहार हेर्दा यो कुरा सहजै बुझ्न सकिन्छ। उनीहरूले जतिसुकै प्रजातन्त्र, समाजवाद, साम्यवाद वा आदर्शवादको कुरा गरे पनि निजी स्वार्थको घेराभन्दा बाहिर निस्कन सकेको देखिँदैन।

यही विकृत प्रवृत्तिलाई आधार बनाएर विदेशी शक्तिहरूले राजनीति, शिक्षा, स्वास्थ्य, न्याय, प्रशासन, सुरक्षा, सञ्चार, उद्योग र व्यापारलगायत हरेक क्षेत्रमा संलग्न व्यक्तिहरूलाई नियन्त्रण र प्रयोग गर्दै आएका छन्। यसको परिणामस्वरूप नेपालीहरू राष्ट्रिय हित र सुरक्षाविरुद्ध लाग्नु नै आफ्नो अधिकार, स्वतन्त्रता र क्षमता ठान्न थालेका छन्। यसमा देशी र विदेशी दुवै तत्व बराबर जिम्मेवार छन्।

शताब्दीयौँसम्म साम्राज्यवादी उपनिवेशको अभ्यास गर्दै 'विभाजन गरेर शासन गर' भन्ने सोच बोकेका बाह्य शक्तिहरूले यही मानसिकतालाई यहाँ पनि प्रयोग गरेका छन्। विगतमा हतियार उठाएर देश जोगाउने वीर पुर्खाका सन्तान कहलिने आजका नेपालीहरू उनै शक्तिद्वारा विभाजित भएर दास बन्नुलाई आदर्श ठान्न थालेका छन्। यस्तो प्रवृत्ति राष्ट्रप्रतिको मात्र होइन, आफ्ना पूर्वजप्रतिको पनि गद्दारी हो। योजनाबद्ध रूपमा हुर्काइएकाहरू मुख्य दोषी हुन् भने भ्रमवश पछ्याएकाहरू केही कम दोषी मानिएलान्, तर सचेत गराउँदा पनि नजाग्नुले दोष झनै बढाउँछ।

अब समाधान के? देशलाई यो संकटमा पुऱ्याउन सबैको भूमिका छ, तर मुख्य जिम्मेवारी शासक, प्रशासक र नीति-निर्माणमा संलग्नहरूको हो। सर्वप्रथम, राष्ट्र र जनघातीहरूले आफ्ना विगतका गल्तीप्रति आत्मालोचना गर्दै सुधार गर्नुपर्छ। नसुध्रिए पद त्याग्नुपर्छ, त्यो पनि सम्भव नभए कारबाहीको दायरामा ल्याउनुपर्छ। दोस्रो, जनचेतना अत्यन्त महत्वपूर्ण छ। सार्वभौम नागरिकहरूले आफ्ना कर्तव्य बुझ्नुपर्छ। राष्ट्रिय स्वार्थमा नबोल्ने

> *'विभाजन गरेर शासन गर' भन्ने सोच बोकेका बाह्य शक्तिहरूले यही मानसिकतालाई यहाँ पनि प्रयोग गरेका छन्। योजनाबद्ध रूपमा हुर्काइएकाहरू मुख्य दोषी हुन् भने भ्रमवश पछ्याएकाहरू केही कम दोषी मानिएलान् तर सचेत गराउँदा पनि नजाग्नुले दोष झनै बढाउँछ।*

र नकाम गर्ने व्यक्तिलाई प्रतिनिधि छान्नु हुँदैन। योग्य र इमानदार प्रतिनिधि चयन नगर्ने हो भने प्रजातन्त्रको कुनै अर्थ रहँदैन। आजभोलि युट्युब र मिडियामार्फत झुटा अभिव्यक्ति दिने र अभद्र गालीगलौज गर्नेहरूलाई नै सक्षम ठान्ने प्रवृत्ति बढ्दो छ। यसरी विदेशी दलालहरूले हाम्रा राष्ट्रनिर्माता र संरक्षकलाई गद्दार ठहर्याउँदै विदेशी मालिक र तिनका पात्रलाई आदर्श बनाइरहेका छन्। यो देशका लागि अत्यन्त दुःखद अवस्था हो।

राजनीति राज्य सञ्चालन गर्ने प्रक्रिया हो र राज्य सञ्चालन भनेको राष्ट्रहित र जनहितको सेवा हो। राजनीतिका दुई रूप हुन्छन्- राष्ट्रहितमा आधारित राजनीति र स्वार्थमा आधारित राजनीति। पहिलो त्याग, बलिदान र समर्पणमा केन्द्रित हुन्छ भने दोस्रोले राजनीतिलाई व्यवसाय बनाउँछ। नेपालको राजनीति पूर्णतः दोस्रो बाटोमा गएको यथार्थ विगत ३५ वर्षको अभ्यासले देखाइसकेको छ।

अन्ततः, निरंकुशता र अराजकता दुवै टिकाउ हुँदैनन्। अवसरवादका भरमा सत्तामा पुगेकाहरूले यो कुरा बुझ्नैपर्छ। यो लेख कुनै व्यक्तिगत लाभ वा पदका लागि होइन, वीरताको विरासत बोकेका सच्चा नेपालीहरू र भ्रम तथा स्वार्थमा अल्झिएकाहरूलाई सचेत गराउने प्रयत्न मात्र हो।

## इतिहासमा आज

१० फेब्रुअरी २०२३ मा सबै समयको सबैभन्दा धेरै बिक्री हुने भिडियो गेमहरू मध्ये एक, होगवार्ट्स लिगेसी रिलिज भएको थियो।




१० फेब्रुअरी २०१८ मा हङकङको रुट ८७२ मा रहेको काउलुन मोटर बस डबल डेकर पल्टिँदा १९ जनाको मृत्यु भएको थियो भने ६६ जना घाइते भएका थिए।



१० फेब्रुअरी २०१३ मा कुम्भ मेला महोत्सवको क्रममा भारतको इलाहाबादमा भागदौड हुँदा ३६ जनाको मृत्यु भएको थियो भने ३९ जना घाइते भएका थिए।



१० फेब्रुअरी २००९ मा रसियाको दुई उपग्रह व्यवसायिक सञ्चार उपग्रह इरिडियम ३३ रसैन्य कोस्मोस २२५१ एकआपसमा ठोक्किएर नष्ट भएका थिए।




# ओझेलमा मुख्य एजेन्डा

विचार



● ईश्वर बुढाथोकी

> *वर्तमान राजनीतिक परिवेशमा गहिरा सामाजिक, आर्थिक र सांस्कृतिक मुद्दाहरूलाई उठाउनु सान्दर्भिक ठानिएको छैन। चुनाव जित्ने गणितमा यस्ता मुद्दालाई अर्थहीन मानिएका छन्। सजिलो, लोकप्रिय र सतही नारा बेच्न सकिने विषयहरू मात्रै चुनावी बजारमा चलिरहेका छन्।*

कुनै अनर्थ भएन भने ठीक एक महिनापछि प्रतिनिधिसभाको निर्वाचन हुने छ। निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारहरू भोट माग्न जनताको घरदैलोमा पुगिरहेका छन्। चोक-चौराहा, सभा-सम्मेलन र बैठकहरूमा भाषणको होड चलेको छ। पेशेवर राजनीतिज्ञ त भाषणमा पोख्त हुने नै भए, सिकारु उम्मेदवारहरू पनि सकेसम्म मिठास मिसाएर जनतासँग संवाद गरिरहेका देखिन्छन्। तर भाषणको चमकधमक जति बढेको छ, उठाइने मुद्दाहरूको विविधता भने उति नै साँघुरिएको अनुभूति हुन्छ।

प्रायः सबै उम्मेदवारका भाषणमा राष्ट्रिय सार्वभौमिकताको रक्षा, भ्रष्टाचारको अन्त्य, सुशासनको बहाली, रोजगारी सिर्जना, उद्योगधन्दा सञ्चालन, कृषि, पर्यटन, सूचना प्रविधि, ऊर्जा, सडक र सिँचाइ विकास जस्ता मुद्दाहरू दोहोरिइरहेका छन्। यी विषयहरू महत्वहीन होइनन्। वास्तवमै राज्यले सम्बोधन गर्नैपर्ने आधारभूत मुद्दा हुन्। तर प्रश्न के हो भने, के यिनै विषयहरू मात्रै देशका सबै समस्या र आवश्यकताको प्रतिनिधित्व गर्छन्? चुनावी भाषण सुन्दै जाँदा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणसँग गाँसिएका केही गहिरा र संवेदनशील मुद्दाहरू भने पूर्ण रूपमा ओझेलमा परेका देखिन्छन्।

यो देशमा २५ प्रतिशतभन्दा बढी जनता अझै चरम विपन्नता र भूमिहीनताको अवस्थामा जीवन बिताइरहेका छन्। पूर्व कमैया, हलिया, खलिया, हरवा-चरवा तथा अन्य शोषित श्रमजीवी समुदायहरू आज पनि आधारभूत अधिकारबाट वञ्चित छन्। संविधानले स्वतन्त्रता र समानताको ग्यारेन्टी गरे पनि व्यवहारमा उनीहरूका जीवनमा खासै परिवर्तन आएको छैन। तर निर्वाचनका भाषणहरूमा यी समुदायको नाम उच्चारण गर्न समेत उम्मेदवारहरू हिच्किचाएको देखिन्छ। मानौं, यी मानिसहरू मतदाताको सूचीमा छैनन् वा राजनीति गर्न अयोग्य छन्।


भूमि सम्बन्धी समस्या अझै जटिल छ। श्रमिकहरूले जोतेको उब्जाउ जमिनको स्वामित्व उनीहरूको हातमा छैन। विभिन्न पेशा-व्यवसायबाट करोडौं कमाइ गर्ने थोरै व्यक्तिहरूले आवश्यकताभन्दा कैयौं गुणा बढी जमिन आफ्नो नाममा राखेका छन्। तीमध्ये धेरै जमिनमा तिनै श्रमिकले पसिना बगाएर खेती गर्छन् र मालिकको भकारी भरिदिन्छन्। कतिपय जमिन बाँझै राखिएका छन्। यति गम्भीर भूमि असमानताको प्रश्नमा, आफूलाई कम्युनिष्ट र क्रान्तिकारी भन्ने दलका उम्मेदवारहरू समेत मौन देखिनु विडम्बनापूर्ण छ। विगतमा क्रान्तिकारी भूमिसुधारका नारा लगाउनेहरू आज त्यो विषय छुनसमेत तयार छैनन्।

सतहमा केही शिथिल देखिए पनि जातीय भेदभाव र छुवाछुत आज पनि समाजको भित्री संरचनामा खरानीमुनिको भुंग्रोझैँ सल्किरहेको छ। लैङ्गिक विभेद, महिलामाथि हुने हिंसा र अत्याचारका घटना दिनहुँ सार्वजनिक भइरहेका छन्। कानुन बनेका छन्, समिति गठन भएका छन्, तर सामाजिक मानसिकतामा परिवर्तन आउन सकेको छैन। यी मुद्दाहरू केवल सामाजिक होइनन्, राजनीतिक पनि हुन्। तर चुनावी भाषणमा यी विषयहरू उठ्नु त परै जाओस्, प्राथमिकतामा समेत नपर्नु गम्भीर चिन्ताको विषय हो।

कम्युनिष्ट आन्दोलनको सन्दर्भमा सांस्कृतिक रूपान्तरण दोस्रो प्राथमिकताको विषय मानिन्छ। समाज आज पनि चरम अन्धविश्वासले ग्रस्त छ। मध्ययुगीन कुरीतिहरू विभिन्न रूपमै कायम छन्। अर्कोतर्फ, कथित आधुनिकताका नाममा विकृत सांस्कृतिक गतिविधिहरू वर्षे भेलझैँ फैलिरहेका छन्। विज्ञानसम्मत, मानवतामूलक र समतामूलक सांस्कृतिक चेतनाको विकास नगरी समाजको वास्तविक रूपान्तरण सम्भव हुँदैन। तर आफूलाई कम्युनिष्ट क्रान्तिकारी दाबी गर्ने उम्मेदवारहरूले समेत यस्ता गलत सामाजिक र सांस्कृतिक परम्पराको अन्त्यबारे कतै कुरा उठाएको सुनिँदैन।


यी सबै तथ्यहरूले के संकेत गर्छन् भने वर्तमान राजनीतिक परिवेशमा गहिरा सामाजिक, आर्थिक र सांस्कृतिक मुद्दाहरूलाई उठाउनु सान्दर्भिक ठानिएको छैन। चुनाव जित्ने गणितमा यस्ता मुद्दालाई अर्थहीन मानिएका छन्। सजिलो, लोकप्रिय र सतही नारा बेच्न सकिने विषयहरू मात्रै चुनावी बजारमा चलिरहेका छन्। तर प्रश्न उठ्छ- यस्तै राजनीतिबाट समाजको वास्तविक रूपान्तरण सम्भव छ? यदि राजनीति केवल भाषण र आश्वासनमा सीमित रह्यो भने, इतिहासले फेरि पनि शोषित, पीडित र आवाजविहीनहरूको नाममा ठूला प्रश्नचिन्ह खडा गर्नेछ।

## सामाजिक सञ्जाल



**सरोज पोखरेल**

पुराना दलका नेताका बोली, व्यवहार, भ्रष्टाचारदेखि आजित भएका अधिकांश जनता ती नेताका अनुहार हेर्न चाहँदैनन्। बरु नयाँले केही नगरे पनि नगरुन्, तर तिमीहरू भ्रष्टलाई भोट दिँदैनौ भन्न थालेका छन्। बहुसंख्यक जनता नयाँ नेताका गुण दोष वास्ता नगरी अबको ५ वर्ष नयाँलाई हेर्ने मनस्थितिमा पुगेको देखिन्छ।



**रमेश कुमार**

राजनीति कठोर प्रतिबद्धता हो। यो सुधार र सेवाको उद्देश्यबाट, प्रस्ट विचारबाट निर्देशित हुनुपर्ने हो। यस्तो प्रतिबद्धता जो कोहीको हुन सक्छ जस्तो लाग्दैन। सामाजिक समर्पण र निष्ठा चानचुने कुरा होइन पनि। कतै नाम चल्ने बित्तिकै 'राजकाज' ताकिहाल्ने प्रवृत्ति चाहिँ कस्तो उदेकलाग्दो!



**केपी ढुंगाना**

कांग्रेसले गरेको उदारीकरण देश अनुकूल के ठिक हुन्छ भनेर लागू गरेको देखिँदैन। विश्वमा जे खाले नीतिहरू आउँछ, त्यही पछ्याएको देखिन्छ। निजीकरणका नाममा कारखाना कौडीका भाउमा बेच्नु, स्वतन्त्रताको नाउँमा निजी क्षेत्रलाई छाडा छाड्नुले विकृति मौलाएको देखिन्छ।



**रोशन भट्टराई**

नबुझेको कुरा, २३ को घटनामा एमाले र २४ को मा बालेन रास्वपालाई दोष थोपरेर कांग्रेस कसरी उम्कन मिल्छ? त्यो मात्र हैन तीनकुने घटना हुँदा पनि कांग्रेसको सरकार थियो हैन? अनि आफ्ना भागमा केही नपर्ने? हामी मर्न दिन्नौं, जल्न दिन्नौं रे। के कुरा गऱ्या गगनजी? जिम्मेवारी पनि लिनुस् क्या।

## बहुसूचक सर्वेक्षण
# सुदूरपश्चिममा शिशु तथा बाल मृत्युदर उच्च

**काठमाडौं/मस-** राष्ट्रिय तथ्यांक कार्यालयले नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को पूर्ण नतिजा प्रतिवेदन सार्वजनिक गरेको छ।

तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालमा प्रति १ हजार जीवित जन्ममा २७ शिशुको एक वर्ष नपुग्दै मृत्यु हुने गरेको देखिएको छ। ५ वर्षमुनिका बालबालिकाको मृत्युदर ३१ पुगेको छ। साथै नवजात शिशुहरूमध्ये १ महिना उमेर नपुग्दै १७ जना शिशुको मृत्यु हुने गरेको तथ्यांक कार्यलयले सार्वजानिक गरेको प्रतिवेदनमा उल्लेख छ।

प्रदेशगत तथ्यांकअनुसार नवजात शिशु तथा बाल मृत्यु दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी रहेको छ। सुदूरपश्चिममा प्रति १ हजार जन्ममा २६ बालमुत्यु हुने गरेको छ भने सबैभन्दा कम वागमती प्रदेशमा १० जना रहेको छ।

शिशु मृत्युदर पनि सुदूरपश्चिममा सबैभन्दा बढी ३८ र वागमतीमा सबैभन्दा कम १७ देखिएको छ। पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर समेत सुदूरपश्चिममा ४८ पुगेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा २० जना रहेको छ।

नेपालको कुल प्रजनन दर प्रतिमहिला १ दशमलव ९ मा झरेको छ। तर १५-१९ वर्षका किशोरीहरूमा प्रति १ हजारमा ४८ जनाले जीवित बच्चा जन्माएको पाइएको छ। यो तथ्यांकले किशोरी गर्भधारण अझै चुनौतीको रूपमा रहेको देखाउँछ।

२०-२४ वर्ष उमेर समूहका ११.२ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै बच्चा जन्माएको पाइएको छ। गत दुई वर्षभित्र सन्तान जन्माएका महिलामध्ये ८५ प्रतिशतले कम्तीमा चार पटक गर्भजाँच गराएको छन्। ९०.५ प्रतिशतले स्वास्थ्य संस्थामै सुत्केरी गराएको र २५.३ प्रतिशतले शल्यक्रियाबाट सुत्केरी गराएको देखिएको प्रतिवेदनमा उल्लेख छ।

**बाल पोषणमा गम्भीर अवस्था**

सर्वेक्षण प्रतिवेदनअनुसार ५ वर्षमुनिका बालबालिकामध्ये ३१.५ प्रतिशत पुड्कोपन र २४.३ प्रतिशत तौल कमी (लिखुरेपन) को समस्यामा छन्। मधेश प्रदेशमा तौल कमी भएका बालबालिकाको प्रतिशत सबैभन्दा बढी ३३.२ रहेको छ भने सबैभन्दा कम बाग्मतिमा ९.६ प्रतिशत रहेको छ। यस्तै ६ महिनासम्म आमाको दुध मात्र खुवाउने दर ६९.७ प्रतिशत रहेको छ भने १२-२३ महिनाका बालबालिकामध्ये ८०.७ प्रतिशतले मात्र सबै खोप पूरा गरेका छन्।



आधारभुत विद्यालय कक्षा (१-५) को १ कक्षामा प्रवेश गर्ने उमेरका बालबालिकाहरू ४१.२ प्रतिशत रहेको छ। ८५.४ प्रतिशत ५ वर्षमुनिका बालबालिकाहरूको जन्मदर्ता गरिएको सर्वेक्षणमा उल्लेख छ।

**९६.७ प्रतिशत घरमा विद्युत, इन्टरनेट प्रयोग ८२ प्रतिशत**

सर्वेक्षणअनुसार ९६ दशमलब ७ प्रतिशत घरपरिवारमा विद्युत सेवामा पहुँच पुगेको छ। प्रदेशगत रूपमा गण्डकी प्रदेशमा पहुँच सबैभन्दा बढी ९९ दशमलव ५ प्रतिशत र कर्णालीमा सबैभन्दा कम ८० दशमलब ८ प्रतिशत रहेको छ। टेलिफोन सेवा ९५ दशलमलब ५ प्रतिशत घरपरिवारको पहुँच छ भने इन्टरनेट सुविधा भएको उपकरण प्रयोग गर्ने घरपरिवार ८२ प्रतिशत पुगेका छन्।

सर्वेक्षणअनुसार नेपालमा ५.१ प्रतिशत तथा ४१.८ प्रतिशत क्रमशः १५-४९ वर्ष उमेर समूहका महिलाहरू तथा पुरुषहरूले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेका छन्। नेपालको कूल जनसंख्याको ९८.२ प्रतिशतले खानेपानीको लागि सुधारिएको पानीको स्रोत प्रयोग गरेका छन् भने ९२.४ प्रतिशतले सुधारिएको चर्पीहरूको प्रयोग गर्ने गरेका छन्।

**स्वास्थ्य बिमामा न्यून सहभागिता**

१५-४९ वर्ष उमेर समूहका महिलामध्ये १७.८ प्रतिशत र पुरुषमध्ये १९.६ प्रतिशतले मात्र स्वास्थ्य बिमा गरेका छन्। पाँच वर्षमुनिका बालबालिकामा यो दर ११.७ प्रतिशत मात्र रहेको छ।

तथ्यांक कार्यालयकाअनुसार यो सर्वेक्षण युनिसेफ नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा सञ्चालन गरिएको नेपालको चौथो बहुसूचक सर्वेक्षण हो। यस सर्वेक्षणले संघ, प्रदेश र स्थानीय तहमा नीति निर्माणका लागि महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले महिला तथा बालबालिकाको अवस्था मूल्यांकन, नीति निर्माण र दिगो विकास लक्ष्य (एसडिजीएस) का सूचकहरूको अनुगमन गर्ने उद्देश्यले सर्वेक्षण गरेको हो।

# सातौं वर्षमा ‘एलओडी क्लब’

काठमाडौं/मस- ‘एलओडी क्लब’ले सातौं वार्षिकोत्सव मनाउने भएको छ। क्लबले मंगलबार सातौं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाउने तयारी गरेको छ।

एलओडी सञ्चालनमा आएको सात वर्ष पुगेको अवसरमा क्लबले विभिन्न कार्यक्रम गरेर मनाउने तयारी गरिरहेको एलओडी क्लबका निर्देशक भुपेन कुँवरले जानकारी दिए।



वार्षिकोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारको पनि प्रस्तुती रहने उनले जानकारी दिए। क्लब स्थापना भएदेखि देश तथा विदेशका कलाकारले प्रस्तुति दिइसकेका छन्।

‘हामीले क्लब स्थापना गरेर नेपाली सांगीतिक क्षेत्रका कलाकर्मीलाई स्थान दिएका छौं,’ उनले भने, ‘यो स्थान कलाकारहरूका लागि केही गर्छु भन्ने मानिसका लागि एउटा प्लेटफर्म बनेको छ। यहाँ धेरै सांगीतिक समूहले अवसर पाएका छन्।’

एलओडी क्लब केवल एउटा नाइटक्लब मात्र नभएर नेपाली संस्कृति, प्रतिभा र राष्ट्रिय गौरवको प्रतीक बनेको उनको भनाइ छ। कुँवरले भने, ‘नेपाली संस्कृति र परम्परालाई समर्पित विशेष कार्यक्रमहरू मार्फत क्लबले नेपाली पहिचानलाई विश्वमञ्चमा प्रवर्धन गर्दै आएको छ। जसले राष्ट्रिय एकता भावनालाई अझ बलियो बनाएको छ।’

रातको समयमा ठमेल घुम्न आउनेहरूका लागि एलओडी गन्तव्य बन्दै गएको छ। ठमेल आउने हरकोही एकपटक एलओडी जाने गरेको उनले बताए। क्लब स्थापना गरेर नेपाली सांगीतिक क्षेत्रका कलाकर्मीलाई स्थान दिएको उनले बताए। उनले भने, ‘यो स्थान कलाकारहरूका लागि सुन्दर प्लेटफर्म बनेको छ। यहाँ धेरै सांगीतिक समूहले अवसर पाएका छन्।’ एलओडी क्लब २०२५ मा विश्वको ४४ औं स्थानमा परिसकेको छ।


## ओमनमा रोजगार

LARSEN & TOUBRO

कम्पनी: LARSEN AND TOUBRO LLC
पूर्व स्वीकृत मितिः २०८२/१०/२६ चलानी नं.: ६०२५२१६७
शहर : OMAN
LT. No.: 338745

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Reinforcement Smith | 25 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४५,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Labours | 30 | 0 | | 100 | ३७,६०२ | | | | | | | |
| 3. | Control Switches Attendant | 5 | 0 | | 120 | ४५,१२२ | | | | | | | |
| 4. | General Builder | 38 | 0 | | 100 | ३७,६०२ | | | | | | | |
| 5. | General Building Carpenter | 82 | 0 | | 120 | ४५,१२२ | | | | | | | |
| 6. | General Electrical | 20 | 0 | | 120 | ४५,१२२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ५, ६, ७ र ८ गते (17, 18, 19 & 20 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.** Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582


## श्री सन्नी ट्राभल्स एण्ड ट्रेक्स प्रा.लि. र ऐ.का सञ्चालक श्री तेन्जीङ नोर्बु शेर्पालाई बक्यौता चुक्ता गर्न आउने सम्बन्धमा ७ दिने अत्यन्त जरुरी सूचना

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/ २७ गते*

यस बेसक्याम्प हेलिकप्टर प्रा.लि.(साविकको मनाङ्ग एयर प्रा.लि.) र सन्नी ट्राभल्स एण्ड ट्रेक्स प्रा.लि. वीच भएको व्यवसायीक कारोवार वापत यस कम्पनीलाई बुझाउनु पर्ने बक्यौता रकम बुझाउनका लागि मौखिक रुपमा अनुरोध तथा पटक पटक पत्राचार गर्दा समेत कम्पनीलाई वुझाउनु पर्ने रकम नबुझाई बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले कम्पनीलाई व्यवसायीक कारोवार वापत बुझाउनु पर्ने सम्पूर्ण रकम भुक्तानी गर्नु होला भनी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित समयभित्र कम्पनीलाई बुझाउनु पर्ने बक्यौता नबुझाई यो सूचनालाई अटेर गरी बसेमा कानूनी कारवाहिका लागि प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ।

**बेसक्याम्प हेलिकप्टर प्रा. लि.**
(साविकको मनाङ्ग एयर प्रा.लि.)

## सच्याईको बारे।

**सूचना प्रकाशित मितिः २०८२/१०/२७**
श्री शान्ति सा.व.उ.स.कटारी न.पा.-६ उदयपुरको मिति २०८२/०१०/२३ गते वर्ष २४ अंक १५ मा साल गोलिया ३८ थानको ४४७.५४ हुनु पर्नेमा सच्याईको छ।

## चौरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चौरपाटी, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/१०/२७**

यस कार्यालयबाट मिति २०८२/०७/३० गते सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (e-gp) bolpatra.gov.np/egp र हिमालय दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार (E-GP) bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको वोलपत्रदाताहरुले पेश गरेको बोलपत्र निम्नतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा २ को प्रयोजनार्थ बोलपत्रदाताहरू तथा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (भ्याट वाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| CRM/ACHHAM/ NCB/W/R1/2082-83 | Chaurpati Lungra Kritikham Road Upgrading Work Chaurpati 1-5 Achham. | Nandamata-R.K. JV Mangelsen-5 Achham. | ३,१५,०२,७११.५० | |
| CRM/ACHHAM/ NCB/W/11/2082-83 | Construction of Gandigadh Chaukhami Ghattola Patalchaur Irrigation Canal Chaurpati-2, Achham. | New Nepal-API Khapurnath JV Dhangadhi Kailali. | १,८८,१०,७५८.८० | |

**प्रमुख प्रशासकीय अधिकृत**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१०/२७**

डडेल्धुरा जिल्लामा रहेको मणेला समैजि सा.व.उ.स आलिताल ५ को वन क्षेत्रबाट आ.व. ०८१/०८२ मा उत्पादन भई आलिताल ५ भित्रिसैनमा घाटगद्दीमा राखिएका साल गोलिया थान ७३ को परिमाण ६२०।२२ क्यू.फिट, सादन गोलिया थान २० को परिमाण १९।०२ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। ईच्छुक काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

## धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**भूलसुधार**

**सूचना प्रकाशित सम्बन्धमा**

**प्रकाशित मितिः २०८२/१०/२७**

मिति २०८२/१०/२६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. R 2/DSMC/082/083 को सूचनाको विज्ञापनमा तेस्रो पटक प्रकाशित मिति २०८२/१०/२६ गते हुनपर्नेमा अन्यथा भएकाले भुलसुधार गरिएको छ।

## Invitation for Bids
**Sudur Paschim Province Government**
## Ministry of Industry, Tourism, Forest and Environment
## Division Forest Office
**Pahalmanpur Kailali**

### INVITATION FOR THE ELECTRONIC BIDS

**Date of Publication: 10th February, 2026 (2082/10/27 B.S.)**

1. Division Forest Office, Pahalmanpur, Kailali invites following Invitation of electronic bids from Nepalese eligible bidders for the under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount Without Vat (NRs.) | Bid Security (NRs.) | Bid Document Price (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | DFO/W/NCB/ 2082/083-03 | River Bank Protection LamkiChuha Muncipality 2 & 4 | 29,30,550.66 | 87,500.00 | 3,000/- | Hard Copy Not Acceptable |
| 2 | DFO/W/NCB/ 2082/083-04 | Mesh wire fence construction work Tikapur Muncipality 02 | 45,32,625.97/- | 1,35,000.00/ | 3,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Division Forest Office, Pahalmanpur, Kailali, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Senior Divisional Forest Officer**

## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
**डोटी**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/१०/२७**

यस निर्देशनालयबाट मिति २०८२/०९/०३ गतेको प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपसिल ठेक्का नं. भएका कार्यहरुको e–Gp Sysytem बाट दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिद्वारा नियमानुसार मूल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरु न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावकारी रहेको हुदाँ स्वीकृतिको लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आवश्यक जानकारीको लागि सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र. स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु. (भ्याट र पि.एस सहित) |
|---|---|---|---|---|
| १. | EDD/NCB/WORKS/ 2082/83-03 | Construction of Boundary wall at Mahendra Secondary School at Mahakali Municipality-4 Khalanga Darchula | K.B. Nirman Sewa Byas-6 Darchula | ४०,२६,३७१.७४ |
| २. | EDD/NCB/WORKS/ 2082/83-04 | Construction of Boundary wall and Guard House at Mahakali Secondary School Belauri Municipality-6 Kanchanpur | Ashish Nirman Sewa Bheemdatt -6 Kanchanpur | ५५,०९,२२५.५५ |

**खरिद इकाई**

## Road Division, Mahendranagar, Kanchanpur
### Invitation for Bids

**Notice No:IFB/RDMNR/082/83-07**
**Date of First Publication: 10th February 2026 (2082/10/27)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Mahendranagar, Kanchanpur invites Open Competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Estimated Amount including VAT and PS | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/ 337310113/082/83-29 | Maintanance of Attariya-Gaddachauki Section (980+000 to 1027+000) of Mahendra Highway NH01 | 7,598,275.10 | 192,000.00 | 3000/- |
| 2 | RDMNR/ 337310113/082/83-30 | Recurrent Maintenance of NH 66-003 of Sahajpur to Faltude ( Ch 60+000 to 68+000 =8 Km),Kailali | 6,560,112.46 | 165,000.00 | 3000/- |
| 3 | RDMNR/ 337310113/082/83-31 | Road Maintenance & Safety Works in Mahakali Highway (NH-66) Dhangadhi to Faltude (0+000 to 68+000) | 11,753,429.51 | 296,000.00 | 3000/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Mahendranagar, Kanchanpur or PPMO’s website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Division Chief**

# कर्णालीमा २० प्रतिशत जनताको घरमा छैन विद्युत्

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं २६ माघ

नेपालको कर्णाली प्रदेशमा अझै २० प्रतिशत जनतामा विद्युतको पहुँच पुगेको छैन ।

राष्ट्रिय तथ्यांक कार्यालयले सोमबार सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदनअनुसार जलस्रोतमा अधिक सम्भावना भएको कर्णाली क्षेत्रका २० प्रतिशत जनता अध्यारोमै रहेको देखाएको हो ।

देशभरको सम्रग विद्युत् पहुँच ९६ दशमलव ७ प्रतिशत घर परिवारमा रहेको प्रतिवेदनले उल्लेख गरिएको छ। प्रदेशगत रूपमा हेर्दा गण्डकी प्रदेशमा विद्युत् पहुँच सबैभन्दा बढी ९९ दशमलव ५ प्रतिशत पुगेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम ८० दशमलव ८ प्रतिशत मात्र रहेको छ। नेपालले विद्युत् निर्यात गरेर आम्दानी गरिरहेको अवस्थामा विकट क्षेत्रका रूपमा रहेको कर्णालीका जनता अझै अध्यारोमै बस्न बाध्य छन् । कर्णालीमा अझै पनि पाँच घरमध्ये एक घरमा विद्युत् सेवा नपुगेको देखिन्छ। भौगोलिक कठिनाइका कारणसमेत कर्णालीमा विद्युत् पुग्न सकेको छैन ।



त्यस्तै, नेपालको दूरसञ्चार र इन्टरनेट तथा प्रविधि क्षेत्रको पहुँच विस्तार बढ्दो देखिएको छ । प्रत्येक पाँचमध्ये चार घर परिवारमा इन्टरनेट सुविधासहितको उपकरण प्रयोग गर्ने गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालमा ९५ दशमलव ५ प्रतिशत घरपरिवारमा टेलिफोन (स्थिर टेलिफोन वा मोबाइल फोन) सुविधाको पहुँच रहेको छ भने प्रदेशअनुसार सबैभन्दा धेरै बागमती प्रदेशमा ९७ दशमलव १ प्रतिशत र सबैभन्दा कममा सुदूरपश्चिम प्रदेश ९२ दशमलव ६ प्रतिशत रहेको छ । ८२ प्रतिशत घरपरिवारमा इन्टरनेटको पहुँच पुगेको छ ।

यस्तै, १५ देखि ४९ वर्ष उमेर समूहका महिलामध्ये ८१ दशमलव ६ प्रतिशत महिलाहरूसँग मोबाइल फोन रहेको छ भने १५ देखि ४९ वर्ष उमेर समूहका पुरुषमध्ये ९० दशमलव ४ प्रतिशत पुरुषहरूसँग आफ्नै मोबाइल फोन रहेको छ अध्ययनले देखाएको हो । यसले प्रविधि क्षेत्र सहरदेखि गाउँसम्म पुगेको देखाएको हो ।

विद्युत्, टेलिफोन तथा इन्टरनेट पहुँचमा आएको यो सुधारले शिक्षा, स्वास्थ्य, वित्तीय सेवा, सरकारी सेवा प्रवाह तथा आर्थिक गतिविधिमा समेत सुधार गरेको देखिन्छ। विद्युत्, फोन, इन्टरनेटको गुणस्तरीय पहुँच अझै पनि ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन । सहरी-ग्रामीण क्षेत्रबीच देखिएको पहुँच अन्तर घटाउन दीर्घकालीन योजना, पूर्वाधारमा थप लगानीको आवश्यक रहेको प्रतिवेदनले देखाएको तथ्यांक कार्यलयका उपप्रमुख ढुण्डीराज लामिछानेले बताए। प्रतिवेदनले दिगो विकास लक्ष्यका सूचकहरूको अनुगमन तथा बहुआयामिक गरिबी मापन गर्न ठोस योगदान पुग्ने अपेक्षा गरिएको उनले बताए । सर्वेक्षणमा तथ्यांक संकलनका लागि नेपालभर ५४० गणना क्षेत्रमध्ये सहरी क्षेत्रबाट ३ सय ४ र ग्रामीण क्षेत्रबाट २ सय ३६ क्षेत्र तथ्यांकीय विधिबाट छनोट गरिएको थियो। यसरी छानिएका जम्मा १२ हजार ९ सय ६० परिवारहरूबाट पारिवारिक विवरण संकलन गरिएको विभागले जनाएको छ।

# नेपाल–कतार आर्थिक तथा पर्यटन सहकार्यबारे छलफल



**काठमाडौं/मस–** नेपाल र कतारबीच समग्र आर्थिक विकास, पर्यटन प्रवर्धन तथा सहयोग आदानप्रदानका विषयमा छलफल भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा र नेपालका लागि कतारका राजदूत महामहिम मिसाल बिन मोहम्मद अलि अल अन्सारी तथा नेपाल उद्योग वाणिज्य महासघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, कतार चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एमए अलोबैदली तथा कतार एयरवेजका प्रतिनिधिबीच भेटवार्ता भएको हो।

भेटघाटमा नेपाल-कतार आर्थिक विकास, पर्यटन प्रवर्धन, हवाई उडान विस्तार तथा नागरिक उड्डयन क्षेत्रमा सहकार्यलाई थप सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको थियो । विशेषगरी नेपाल र कतारबीच सिधा हवाई उडानको संख्या बढाउने, नयाँ गन्तव्य थप गर्ने तथा नेपाल वायुसेवा निगम र कतार एयरवेजबीच सहकार्यका सम्भावनाबारे छलफल केन्द्रित थियो ।

छलफलका क्रममा मन्त्री सिन्हाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर ाष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि अन्तर्राष्ट्रिय एयरलाइन्सको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गर्दै कतार एयरवेजको भूमिकालाई महत्वपूर्ण हुने बताए। उनले नेपालमा पर्यटन, लगानी र व्यापार विस्तारका लागि सरकारले नीतिगत सुधार र सहजीकरणमा जोड दिइरहेको पनि जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले नेपाल-कतारबीच पर्यटन, लगानी, उड्डयन, होटल तथा पूर्वाधार क्षेत्रमा विस्तारको सम्भावना भएको बताए । उनले कतारी लगानीकर्ताका लागि नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा सेवा क्षेत्रमा आकर्षक सम्भावना रहेको उल्लेख गरे ।

कतार चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका बोर्ड सदस्य मोहद अहमद एमए अलोबैदलीले नेपालसँग दीर्घकालीन आर्थिक सहकार्यमा कतार निजी क्षेत्रको चासो रहेको उल्लेख गर्दै उड्डयन र पर्यटन सहकार्यले दुई देशबीचको व्यापार तथा जनस्तरको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरे।

सो भेटघाटले नेपाल-कतार सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने, पर्यटन प्रवर्धन तथा हवाई सम्पर्क विस्तारमार्फत आर्थिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । कतारी प्रतिनिधि मण्डल नेपाल कतार संयुक्त व्यवसाय परिषद् (जेबिसी) को बैठकका लागि नेपाल उद्योग वाणिज्य महासंघको निमन्त्रणामा आइतबार नेपाल आएको हो ।

# आइएमई लाइफलाई अन्तर्राष्ट्रिय अवार्ड

**काठमाडौं/मस–** आइएमई लाइफ इन्स्योरेन्स अन्तर्राष्ट्रिय अवार्डद्वारा सम्मानित भएको छ। इन्डियन चेम्बर अफ कमर्सद्वरा रामब्रन्त, बैंकक आयोजित छैटौं संस्करणको 'इमर्जिङ एसिया अवार्डमा' आइएमई लाइफ इन्स्योरेन्सले तिन विधामा अवार्ड प्राप्त गरेको हो ।



कम्पनीले उत्कृष्ट ग्राहमुखी सेवा, बिमा कभरेजमा उत्कृष्ट रणनीति मा संयुक्त अवार्ड र बिमा नेतृत्वमा महिला गरी तीन विधामा अवार्ड प्राप्त गरेको हो । यस प्रतिष्ठित अवार्डमा स्वतन्त्र तथा विशिष्ट अन्तर्राष्ट्रिय निर्णायक मण्डलले निर्णय गरेको थियो ।

कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरी आइएमई लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्का प्यानल डिस्कसनमा रूपमा सहभागी भएका थिए । गत वर्ष पाँचौं संस्करणमा पनि आइएमई लाइफले उत्कृष्ट जीवन बिमक, बिमा नेतृत्वमा महिला र बिमामा पहुँच विस्तारका लागि उत्कृष्ट रणनीति विधासहित तीन विधामा उपाधि हात पारेको थियो।

# डिप्रोक्स लघुवित्तद्वारा विद्यार्थीलाई छात्रवृत्ति प्रदान

**काठमाडौं/मस–** डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ । संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत देशभरका १ सय ५८ वटा शाखा कार्यालयको कार्यक्षेत्रभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न परिवारका जेहेनदार र मिहिनेती विद्यार्थीहरूलाई 'डिप्रोक्स छात्रवृत्ति' प्रदान गरेको हो ।



प्रत्येक शाखाबाट एक/एक जना विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गरिएको संस्थाले जनाएको छ । उक्त छात्रवृत्ति कार्यक्रममा विशेषगरी दलित तथा जनजाति समुदायका छात्राहरूलाई प्राथमिकतामा राखिएको संस्थाले जनाएको छ । शिक्षा क्षेत्रमा समान पहुँच विस्तार, महिला सशक्तीकरण तथा समावेशीकरण प्रवर्धन गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिएको लघुवित्तले स्पष्ट पारेको छ।

यस कार्यक्रमबाट लाभान्वित विद्यार्थीहरूमा अध्ययनप्रति थप उत्साह र आत्मविश्वास बढेको देखिएको छ भने अभिभावक पनि संस्थाको यस पहलप्रति खुसी र सन्तुष्ट देखिएका छन् । शिक्षा क्षेत्रमा लक्षित यस्ता कार्यक्रमले समुदायस्तरमा सकारात्मक प्रभाव पार्नुका साथै डिप्रोक्स लघुवित्तप्रति विश्वास र सद्भाव थप मजबुत बनेको संस्थाको विश्वास छ।

# कनेक्ट किसान र एनएमपीबीच समझदारी

**काठमाडौं/मस–** राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (एनएमपी) र कनेक्ट किसानबीच सम्झदारीपत्रमा हस्ताक्षर गरिएको छ । सोमबार सम्झदारीपत्रमा कनेक्ट किसानका तर्फबाट निर्देशक राजन दाहाल र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका तर्फबाट कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठले हस्ताक्षर गरे । सम्झौताको उद्देश्य नेपाली किसानलाई डिजिटल प्लेटफर्ममार्फत कृषिसम्बन्धी समस्या समाधानमा सजिलो बनाउनु हो । कनेक्ट किसानले विकसित गरेको भ्वाइस बेस र टेक्स्ट बेस एआई एडभाइजरी प्रविधिले किसानलाई खेतबारीमा प्रत्यक्ष सहायता पुऱ्याउनेछ। यो प्रणालीमा किसानले खेतीबारीमा काम गर्दा आउने समस्या जस्तै



मल, बजार, रोग र किरा व्यवस्थापनको तत्काल समाधान वा सुझाव प्राप्त गर्न सक्नेछन्।

कनेक्ट किसानका निर्देशक राजन दाहालले भारतमा प्रविधिमैत्री किसानले एआईको प्रयोग गरेर उत्पादन वृद्धि गरिरहेका छन् भने नेपालमा पनि यस्ता प्रविधि प्रयोग गर्दा किसानलाई ठुलो फाइदा हुने बताए । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठले किसानलाई डिजिटल प्लेटफर्ममा पुऱ्याउन र समस्या समाधानमा सहयोग पुऱ्याउन कनेक्ट किसानसँग सम्झौता गरिएको बताए ।


## हिमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कालिकाखेतु, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

### आशयको सूचना गरिएको सम्बन्धमा ।

**सूचना प्रकाशित मितिः २०८२/१०/२७**

यस हिमा गाँउपालिकाबाट तपशिल बमोजिमको मितिमा तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न अएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही ठहर हुन आएकोले, स्विकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | सूचना प्रकाशित मिति | स्वीकृत बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | HRM/ NCB/W/2082/83/03 | Dhelesagada Dekhi chiudi samma sanchi kulo Nirman | २०८२/०९/१८ | Hiranepali Nirman Sewa Chandannath-6, Jumla | ५९,९३,८८३.५० |

## छार्का ताङसोङ गाउँपालिका
ཚྭ་དཀར་སྟེང་སོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
**Chharka Tangsong Rural Municipality**
## गाउँ कार्यपालिकाको कार्यालय

**कागकोट, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

### Notice for Letter of Intent(LOI)

**Date of LOI: 2082/10/27 (2026, February, 10)**

This is to notify as per Public procurement act 2063 section 27 (2) to all concerned bidders who had submitted their bids, invited under tender notice IFB Numbers mentioned below published on 01 January, 2026 in "Mission Today National daily" that the "Letter of Intent" has been issued in favour of following bidder having substantially responsive and lowest evaluated bid price.

| Work description/ Contract Identification No. | Bidder's Name & Address | Bid Price (Including VAT and PS) |
|---|---|---|
| Kagkot Water Supply Repair Project, CTS R.M -4, Dolpa (CTSRM/DOLPA/NCB/WORKS/9/2082/083) | Mahadev Nirman and Transportation Service Thulibheri Municipality -2, Dolpa | 37,31,537.68 |

**Acting Chief Administrative Officer**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**